# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

www.moeap.karnali.gov.np

# कर्णाली प्रदेशसभामा आर्थिक मामिला तथा योजना मन्त्री
# राजीब विक्रम शाहले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य


कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले मेरो कार्यकालको दोस्रो बजेटको रुपमा आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित हुन पाउँदा गौरव महशुस गरेको छु।

२. लोकतन्त्र, सङ्घीय गणतन्त्र एवम् कर्णाली प्रदेश स्थापनार्थ भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने अमर सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रदेशका साझा तथा एकल अधिकारका विषय र कर्णाली प्रदेशको विकासको अवस्था**लाई दृष्टिगत गर्दै समृद्ध कर्णाली**को निर्माण गरी **सुखारी कर्णालीवासी**को सपना साकार पार्न प्रदेशको चालु आवधिक योजना र प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समेतले तय गरेका **सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली**को सोच र बहुआयामिक विकास मोडेललाई बजेट निर्माणको मार्गदर्शक सिद्धान्त र प्राथमिकताका रुपमा लिएको छु।

४. बजेट निर्माणको क्रममा माननीय प्रदेश सभा सदस्यज्यू, राजनीतिज्ञ, अर्थविद, विद्वत् वर्ग, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत तथा नागरिक तहबाट प्राप्त सल्लाह, सुझाव समेतलाई समावेश गर्ने यथासम्भव प्रयास गरेको छु।

**माननीय सभामुख महोदय,**

प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण परिसूचक र तथ्याङ्कको विवरण समावेश भएको आर्थिक सर्वेक्षण २०८२/८३ यस अघि नै सम्मानित सभामा पेश भइसकेको वेहोरा अनुरोध गर्दै प्रदेशको विद्यमान अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५. कर्णाली प्रदेश सरकारको गत वर्षको आर्थिक वृद्धिदर ५.२५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा २.९४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। भौगोलिक

विकटता र सीमित स्रोत साधनको बीच पनि कर्णाली प्रदेशको आर्थिक गतिविधिमा सकारात्मक गतिशिलता ल्याउन सक्ने नै देखिएको छ।

६. आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. १ खर्ब ५१ अर्ब ८९ करोड रहेकोमा चालु आर्थिक वर्षमा रू. २ खर्ब ७७ अर्ब २५ करोड पुग्ने अनुमान गरिएको छ।

७. गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार १ सय २१ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १ हजार १ सय ८ अमेरिकी डलर हुने अनुमान छ।

८. आर्थिक वर्ष २०८२/८३ को पहिलो दश महिनामा नेपालको औसत उपभोक्ता मुद्रास्फीति ४.४७ प्रतिशत रहेको छ भने सोही अवधिमा कर्णाली प्रदेशको औसत उपभोक्ता मुद्रास्फीति ३.८२ प्रतिशत रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

९. प्रदेश स्थापना भएदेखि हालसम्म कुल बजेट रू.२ खर्ब ६४ अर्ब ३४ करोड प्रस्तुत भएकोमा बजेट विनियोजनको तुलनामा औषतमा चालुतर्फ ६४.५७ प्रतिशत र पुँजीगततर्फ ५५.३९ प्रतिशत खर्च भई समग्रमा ५८.९२ प्रतिशत खर्च भएको छ।

१०. आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्मको खर्च खुद बजेटमा चालुतर्फ ५०.६३ प्रतिशत र पुँजीगततर्फ २७.४६ प्रतिशत खर्च भई समग्रमा ३६.२५ प्रतिशत खर्च भएको छ।

११. प्रदेश स्थापना भएदेखि आर्थिक वर्ष २०८१/८२ सम्म आन्तरिक आय सङ्कलन रू.३ अर्ब ५७ करोड ९२ लाख भएको छ जुन कुल लक्ष्यको ८८.७० प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको आन्तरिक आय सङ्कलन

जेठ मसान्तसम्म रू. ७० करोड ४४ लाख अर्थात् लक्ष्यको तुलनामा ७२.८२ प्रतिशत रहेको छ।

१२. चालु आर्थिक वर्ष २०८२/८३ मा शुरु बजेट विनियोजनको तुलनामा ६३.५२ प्रतिशत अर्थात् रू.२० अर्ब ९६ करोड २० लाख १० हजार खर्च हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको अर्थतन्त्रमा विद्यमान प्रमुख चुनौतीहरुका बाबजुद हामीले तय गरेको प्राथमिकताका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु।

१३. विभिन्न असहज परिस्थितिका बाबजुद हामीले लिएको संकल्प, निर्धारण गरेको विकास र समृद्धिको यात्रामा हाम्रा सुविचारित विकल्पहरूको फलस्वरूप हामी आजको स्थितिसम्म पुग्न सफल भएका छौं।

१४. बर्तमान सरकार गठन भए यता आर्थिक अनुशासन, वित्तीय सुशासन, सामाजिक न्याय तथा विकासलाई जनसहभागितामुलक, पारदर्शी, अनुमानयोग्य बनाउन आयोजना छनोटदेखि लाभको वितरणसम्मका सबै चरणहरुलाई सकेसम्म सम्बोधन गर्ने गरी नीतिगत तथा कानूनी प्रबन्ध गरेका छौं। यस सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२, कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२, आयोजनाको प्रस्ताव तथा छनोट प्रस्ताव प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२, कर्णाली प्रदेश समपुरक, विशेष तथा ससर्त अनुदान सम्बन्धी कार्यविधिहरुको संशोधन, २०८२, कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ लगायतका कानूनहरुको निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं।

१५. **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को** लक्ष्यलाई प्राथमिकतामा राख्दै प्रदेशको उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी सृजना, सामाजिक सुरक्षा र सामाजिक न्यायको माध्यमबाट कर्णालीका जनताको आयस्तर बढाउन र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्दै सुशासन तथा विकासको लाभ र लाभांश सबै कर्णालीबासीसम्म पुऱ्याउन प्रयत्न गरिएको छ।

१६. भौगोलिक विकटता, दक्ष जनशक्तिको अभाव, निर्माण सामग्रीको कमी र महङ्गो विकास लागत लगायतका कारण कार्यान्वयनमा रहेका र नयाँ आयोजनाहरु समेत कार्यतालिका अनुसार समयमै सम्पन्न गर्न नसक्दा विकासका अपेक्षित लक्ष्यहरु हासिल गर्न चुनौती सिर्जना भएको छ।

१७. प्रदेश सरकारको करको दायरा बढाउन नसकेको कारणले आन्तरिक आय बढाउन कठिन रहेको हुँदा संघीय सरकारबाट प्राप्त हुने स्रोत माथिको निर्भरतालाई घटाउन सकिएको छैन।

१८. प्रदेश सरकारसँग प्रर्याप्त स्रोत साधन र प्राविधिक जनशक्तिको कमी, संघ र स्थानीय तहसँगको समन्वयका माध्यमबाट कार्य गर्नुपर्ने अवस्था लगायतले विपद् प्रतिकार्य, पुनर्स्थापना र विपद्बाट क्षति भएका संरचनाहरुको पुनर्निर्माण सम्बन्धी कार्यहरु अपेक्षाकृत छिटो र प्रभावकारी रुपमा सम्पादन हुन नसकेको महसुस गरिएको छ।

१९. वित्तीय प्रणालीलाई नतिजामुखी बनाउनका लागि स्रोत व्यवस्थापनलाई समेत प्रभावकारी बनाउनुपर्ने हुँदा अनुत्पादक खर्च नियन्त्रण गर्ने, अनुदानलाई उत्पादनमा आधारित बनाउने र प्रदेशको कुल आयमा आन्तरिक आयको हिस्सा बढाउने विषयलाई सारभुत रुपमा सुधार गर्ने चुनौती प्रदेश सरकार सामु रहेको छ।

२०. सुशासन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, जिम्मेवारीता, जवाफदेहिता र आर्थिक मितव्ययीता कायम गर्नका लागि प्रदेश सरकारबाट निर्माण भएका कानूनहरु प्रभावकारी ढंगले कार्यान्वयन हुनु अति आवश्यक हुने सन्दर्भमा हाम्रा नीतिगत र शासकीय प्रबन्धहरुलाई सोही हिसावले सुधार गरी कार्यान्वयन गर्नुपर्ने विषयमा हामी प्रतिवद्ध रहेका छौं।

२१. बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम गर्ने तर्फ प्रशस्त सामुहिक प्रयास गरिएता पनि अझै दीर्घकालीन महत्वका ठुला पुर्वाधार विकास भन्दा साना तथा टुक्रे आयोजनामा बजेट माग हुने प्रबृत्तिलाई पूर्णरुपमा रोक्न सकिएको छैन।

**माननीय सभामुख महोदय,**

उल्लिखित चुनौतीहरूको सामना गर्दै विकासको न्यूनतम आवश्यकता र समृद्धिको सामुहिक चाहनालाई प्राप्त गर्न तथा प्रदेशको अर्थतन्त्रलाई विस्तार र चलायमान गराउन देहाय बमोजिमको कार्य प्रतिबद्धता प्रस्तुत गर्दछुः

२२. बहुवर्षीय आयोजनाहरुको स्रोत सहमतिको अवधि बढिमा तीन वर्ष रहनेछ। स्रोत सहमति लिई चालू आर्थिक वर्षको जेठ मसान्तसम्म खरीद प्रक्रिया सुरु नभएका र आगामी वर्षको बजेट विनियोजनमा प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ।

२३. साना प्रकृतिका आयोजनाहरुलाई क्रमशः निरुत्साहित गर्दै उच्च प्रतिफलयूक्त र प्रदेशको आन्तरिक आयमा योगदान दिन सक्ने ठूला प्रकृतिका आयोजनाहरु पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिइनेछ।

२४. प्रदेशको विशिष्ट सम्भावनालाई परिस्कृत बनाउँदै लैजान कृषि, वन, उद्योग तथा सेवा क्षेत्रको विकासका लागि सिप विकास तथा लक्षित कार्यक्रम सञ्चालन गरी रोजगारीका अवसर सृजना गरिनेछ।

२५. आत्मनिर्भरमुखी अर्थतन्त्रको लागि दिगो पूर्वाधार विकास, उत्पादन र गुणस्तरीय मानव पुँजीको निर्माण तथा जनसांख्यिक लाभको उपयोग मार्फत प्रतिभा पलायन रोकी प्रदेशमा युवा उद्यमशीलताको विकासलाई जोड दिइनेछ।

२६. प्रदेशको राजस्वको सीमित क्षेत्राधिकारका बावजुद अघिल्लो आर्थिक बर्षको तुलनामा चालु आर्थिक बर्षमा झण्डै ३५.०९ प्रतिशतले राजस्व बृद्धि भएको छ। यसलाई आगामी आर्थिक बर्ष अझ वृद्धि गर्न नीतिगत, संरचनागत र समन्वयात्मक प्रयासहरुमा बढोत्तरीको कार्यलाई उच्च प्राथमिकतामा राखी राजस्व संभावनाको खोजी गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका **उद्देश्य** देहाय बमोजिम छन्:

(क) दिगो आर्थिक वद्धि मार्फत रोजगारी र आय वृद्धि गर्नु,
(ख) सामाजिक न्याय र समुन्नति हासिल गर्नु,
(ग) गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण गर्नु,
(घ) आधुनिक प्रविधियुक्त दक्ष र उत्पादनशिल मानव पुँजी निर्माण गर्नु,
(ङ) सार्वजनिक प्रशासनमा सुधार गरी सुशासन कायम गर्नु,
(च) बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता कायम गर्नु।

बजेटका **प्राथमिकता** देहायबमोजिम छन्:

(क) प्रदेश सन्तुलन सहितको गुणस्तरीय, समावेशी तथा सहभागितामुलक पूर्वाधार विकास,
(ख) मानव पुँजीको निर्माण, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनसँगै उत्पादकत्व रोजगारीमा वृद्धि,
(ग) प्रविधिमा आधारित कृषि प्रणाली बजारीकरण तथा विविधीकरण एवं पर्यटन प्रवर्द्धन,
(घ) लगानीको विस्तारसँगै औद्योगिकीकरणको विकास गरी रोजगारी सिर्जना,
(ङ) जनमुखी सार्वजनिक प्रशासन, सदाचारिता प्रवर्द्धनसँगै शासकीय सुधार,
(च) आर्थिक, सामाजिक लगायतका सवै क्षेत्रहरुमा निजी क्षेत्रको महत्वपुर्ण सहभागिता र संलग्नताका साथै सुशासन र विकासमा युवा सहभागिता।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कृषि तथा खाद्य व्यवस्थाः

कर्णालीको समृद्धीको मानक कृषि क्षेत्र पनि हो। कृषिमा आधारित उत्पादन, उत्पादकत्व, उद्यमशीलता र मुल्य अभिवृद्धिको माध्यमबाट ग्रामीण अर्थतन्त्रलाई गतिशिल बनाउदै रोजगारीका अवसर सिर्जना गर्न प्रस्तुत बजेट लक्षित छ। किसानको परिश्रमलाई सम्मान, उत्पादनलाई प्रोत्साहन र बजारसँगको पहुँच सुनिश्चित गर्दै कृषिमा आत्मनिर्भरता, कर्णालीमा समृद्धिको लक्ष्य हासिल गर्न कृषि क्षेत्रका देहायका विषयमा क्षेत्रगत कार्यक्रम र बजेट विनियोजन गरेको छुः

२७. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको व्यावसायीकरण गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिदै रू.१ करोड ९६ लाख बजेट विनियोजन गरेको छु।

२८. पाँच हेक्टर भन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय गर्ने उद्यमीहरुलाई ब्याजमा शतप्रतिशत सहुलियत प्रदान गरिनेछ। कृषि क्षेत्रमा लगानी विस्तार गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न पाँच हेक्टरभन्दा कम क्षेत्रफलमा कृषि उत्पादन गर्ने कृषक, कृषक समूह, सहकारी तथा फर्महरुलाई व्यावसायिक खेती तथा पशुपालनका लागि प्रवाहित हुने कृषि कर्जाको ब्याजमा समेत सहुलियत प्रदान गरिनेछ जसका लागि रु.७ करोड ६२ लाख ८० हजार विनियोजन गरेको छु।

२९. कर्णालीमा उत्पादन भई प्रशस्त निर्यात सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्द्धन गरिनेछ। फलफुल तथा नगदेबाली क्षेत्रको विकासका लागि **"एक गाउँ एक व्यावसायीक फलफूल बगैंचा"** कार्यक्रमलाई निरन्तरता दिदै उच्च घनत्व, प्रविधिमा आधारित फलफुल विकास, स्याउ, ओखर बगैचा विस्तार र

हलुवावेद, किवी, ड्रागनफ्रुट, एभोकाडो जस्ता नविनतम फलफुल प्रवर्द्धन कार्यक्रमका लागि रू.१९ करोड २२ लाख ५२ हजार विनियोजन गरेको छु।

३०. प्रदेशको भौगोलिक विशेषता अनुसार भौगोलिक तथा जलवायु अनुकुलताका आधारमा सुर्खेत र मुगु जिल्लामा कपास खेती प्रवर्द्धन तथा व्यावसायीकरण गर्न र सम्भावित जिल्लाहरुमा कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापनाका लागि रू.७ करोड १५ लाख विनियोजन गरेको छु।

३१. गरिब, सीमान्तकृत, भूमिहीन, विपन्न, दलित र लक्षितवर्गका लागि खाद्य तथा पोषण सुरक्षामुलक जीविकोपार्जन कार्यक्रमको निरन्तरताको लागि रू.४ करोड ८० लाख विनियोजन गरेको छु। त्यस्तै कृषि पेसाप्रति युवाको आकर्षण बढाउन माग तथा व्यावसायिक परियोजनामा आधारित निर्वाचन क्षेत्र विशेष युवा लक्षित कार्यक्रमका लागि रू.९ करोड ६० लाख विनियोजन गरेको छु।

३२. कृषक र निजी क्षेत्रबिच उत्पादन तथा खरिद सम्झौतामा आधारित कृषि प्रणाली प्रवर्द्धन गर्दै चक्लाबन्दी र करार खेतीलाई प्रोत्साहन गरिनेछ। उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ कार्यक्रमको विस्तार, डिजिटल कृषि सेवाको प्रवर्द्धन, प्राकृतिक कृषिका नमूना फर्म स्थापना गर्नका लागि रू.३३ करोड ९५ लाख विनियोजन गरेको छु।

३३. पशुहरुको नश्ल सुधार, कृत्रिम गर्भाधान, खोरेत रोग उन्मुलन, खोप अभियान, गोठ सुधार, घाँस खेती र साइलेज उपयोगितामा जोड दिन रू.८ करोड ३६ लाख ५० हजार विनियोजन गरेको छु।

३४. रैथाने बाली संरक्षण क्षेत्र निर्धारण गरी कृषकलाई प्रोत्साहन गर्ने तथा **मूल्यवान कर्णाली, किसानको सम्पदा** नामक लोगोलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न र **कर्णाली हाई भ्यालु क्रप करिडोर** स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। जुम्ला, हुम्ला, कालीकोट, मुगु र डोल्पा जिल्लामा भेडा र च्याङ्ग्राको क्लस्टर विकास गरी मासु र ऊन उत्पादन प्रवर्द्धन समेतका लागि रू.१२ करोड १७ लाख विनियोजन गरेको छु।

३५. गाईभैंसी पालन गर्ने कृषकलाई दुध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन गर्न प्रति लिटर दुधमा प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिएको छु। सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र रुकुम पश्चिममा डेरी स्थापनालाई प्रोत्साहन गर्न तथा कालिकोटमा रेन्बो ट्राउट माछा, सुर्खेतमा माछाको भुरा नर्सरी स्थापना तथा दैलेख, मुगु र सुर्खेतमा मत्स्यपालन प्रवर्द्धन कार्यक्रमका लागि रू.४ करोड ५६ लाख ५० हजार विनियोजन गरेको छु।

३६. **"एक स्थानीय तह, एक कृषि पाठशाला"** कार्यक्रम मार्फत प्राङ्गारिक कृषि सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै **सिक्दै कमाउँदै** कार्यक्रम सञ्चालन, प्राकृतिक कृषिको नमूना फर्म तथा प्रदर्शनी प्लट स्थापना कार्यक्रम सञ्चालन, जैविक मल तथा जैविक विषादी प्रयोगमा सहुलियत दिने र भर्मीकम्पोस्ट, हरियो मल एवम् सूक्ष्म जीवजन्य मलको प्रयोग विस्तार गर्ने कार्यक्रमका लागि रू.७ करोड १४ लाख ४९ हजार विनियोजन गरेको छु।

३७. **"स्वस्थ माटो, दिगो उत्पादन"** को अवधारणा अनुसार प्रदेशभर माटो परीक्षण सेवाको पहुँच विस्तार गरिनेछ। माटो परिक्षण शिविर सञ्चालन गरी कृषकहरुलाई माटो स्वास्थ्य कार्ड वितरण गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। कृषि प्रणालीलाई समावेशी, लाभदायी र पर्यावरणमैत्री बनाई दिगो खाद्य प्रणालीमा रुपान्तरण गर्न खाद्य तथा पोषण प्रणाली रुपान्तरण तथा सुदृढीकरण कार्यक्रम अन्तरगत रू.७ करोड विनियोजन गरेको छु।

३८. सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन, प्रयोगशाला सुदृढीकरण तथा द्रुत विश्लेषणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. कृषि प्रणालीमा हुने प्राकृतिक प्रकोप र विभिन्न जोखिमबाट हुने क्षति न्यूनीकरणको लागि कृषि बीमा कार्यक्रमलाई विस्तार गरिनेछ। साथै कृषकहरुको वर्गीकरण एवम् सूचीकरण गर्दै कृषि खेतीमा दिदै आएको अनुदान प्रणालीलाई क्रमशः सुधार गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना तथा बजार सुनिश्चिततासँग आबद्ध गरी प्रोत्साहन सहयोगको रुपमा उपलब्ध गराउदै लगिनेछ।

४०. प्रदेशमा प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिदै बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४१. कृषि उत्पादनको दिगोपनाको लागि कृषि उपज सङ्कलन केन्द्र, चिस्यान केन्द्र एवम् व्यवस्थित पशु बधस्थलको पूर्वाधार विकास कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

## भूमि व्यवस्था, गुठी र सहकारीः

४२. गुठी जग्गाहरूको व्यवस्थित अभिलेख, सदुपयोग तथा नियमनका लागि संरक्षण तथा अभिलेख कार्यलाई अझ प्रभावकारी बनाउन प्रदेश सरकारका सम्बन्धित निकायहरुलाई परिचालन गर्नुका साथै आवश्यकता अनुसार नेपाल सरकार र स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरी कानूनी संयन्त्रहरु समेत निर्माण गरिनेछ।

४३. प्रदेशभित्र क्रियाशिल सबै प्रकारका सहकारीहरुको व्यवस्थित र अद्यावधिक अभिलेखीकरण, अनुगमन, नियमन र प्रभावकारी सहकारी शिक्षाका माध्यमबाट बचत सुरक्षाका अतिरिक्त सहकारी सङ्घ संस्थाहरुलाई सहकारी मूल्यमान्यता अनुसार सञ्चालन गर्न/ गराउन विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। यी सबै कार्यहरुका लागि एकमुष्ट रू.१ करोड १० लाख ८४ हजार विनियोजन गरेको छु।

४४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि रू.२ अर्ब ९२ करोड ८७ लाख ६८ हजार विनियोजन गरेको छु।

## उद्योग, लगानी तथा नवप्रवर्द्धनः

उद्योग, लगानी र नवप्रवर्तन आर्थिक समृद्धिका प्रमुख आधारस्तम्भ हुन। प्रदेशभित्र उपलब्ध प्राकृतिक स्रोत, स्थानीय उत्पादन, सीप र उद्यमशीलतालाई उत्पादनशील उद्योगसँग आवद्ध गर्दै लगानीमैत्री वातावरण निर्माण गरिनेछ। प्रविधि र नवप्रवर्तनलाई आर्थिक रूपान्तरणको आधारको रुपमा स्थापित गर्दै उत्पादन, रोजगारी र आर्थिक अवसर

विस्तार गर्न उद्योग, लगानी तथा नवप्रवर्तनमा देहायका क्षेत्रमा बजेट विनियोजन गरेको छुः

४५. स्टार्टअप व्यवसाय कर्जा कार्यक्रम मार्फत प्रदेशमा नवप्रवर्तनशील सोच भएका युवालाई नयाँ उद्यम विकासको वातावरण निर्माण गर्न, उद्यमीहरुको लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्न र बिजनेस इन्क्युबेसन प्रवर्द्धन कार्यक्रमका लागि एकमुष्ट रू.४ करोड १० लाख विनियोजन गरेको छु।

४६. बजार मागमा आधारित उद्यमशीलता एवम् सिप विकास मार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न निजी क्षेत्रका रोजगारदाताको सहकार्यमा सिप विकासका लागि रू.२ करोड विनियोजन गरेको छु। साना तथा मझौलास्तरका उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न व्याज अनुदान, सहुलियत, प्रविधि सहयोग तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने गरी रू.१ करोड विनियोजन गरेको छु।

४७. प्रदेशमा उपलब्ध स्थानीय कच्चा पदार्थहरुको प्रवर्द्धन तथा उपयोगमा वृद्धि गर्दै स्थानीय उद्यमशीलतामा टेवा पुऱ्याउन स्थानीय कच्चा पदार्थमा आधारित सिप विकास कार्यक्रमको शुरुवात गरी रू.१ करोड १० लाख विनियोजन समेत गरेको छु।

४८. उद्योग तथा व्यवसाय दर्ता, नवीकरण तथा नियमनको लागि स्थापित सूचना प्रविधिमा आधारित प्रणालीलाई थप सुदृढीकरण गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ। प्रादेशिक औद्योगिक क्षेत्र निर्माण तथा पूर्व तयारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४९. स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास र उपभोक्ता हित संरक्षणका लागि उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको कारोबारमा अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग, एकाधिकार र अस्वभाविक मुल्यवृद्धि लगायतका गतिविधिहरुको नियन्त्रण गर्न सरोकारवाला निकायहरुको समन्वयमा बजार अनुगमन लगायतका अन्य कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

## पर्यटन प्रवर्द्धन र विकासः

हिमाल, ताल, नदी, वन, संस्कृति र सभ्यताको अनुपम सङ्गम कर्णाली पर्यटनको अथाह सम्भावना बोकेको प्रदेश हो। पर्यटन पूर्वाधार, सेवा गुणस्तर र गन्तव्य व्यवस्थापनमा सुधार गर्दै कर्णालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा विशिष्ट गन्तव्यका रुपमा स्थापित गरिनेछ। पर्यटनलाई आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र स्थानीय समृद्धिको प्रमुख आधारका रुपमा विकास गर्दै कर्णालीको विशिष्ट पहिचानलाई विश्वसामु स्थापित गर्न कर्णाली पर्यटन दशक सुरुवात गर्ने व्यवस्था मिलाएको छु। कर्णालीको पर्यटन पूर्वाधार तथा प्रवर्द्धन र विकासका लागि देहायका क्षेत्रमा रकम विनियोजन गरेको छु।

५०. मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, सल्यानको कुपिण्डे दह र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण र विकास गरी कर्णालीको पर्यटन प्रवर्द्धनमा महत्वपुर्ण बढोत्तरी गर्ने उद्देश्यले हाल कार्यान्वयनमा रहेका गुरुयोजनाको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन रू.२१ करोड ३५ लाख विनियोजन गरेको छु।

५१. सङ्घ सरकारको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नती लगायतका आवश्यक कार्यका लागि रू.५ करोड विनियोजन गरेको छु। सुर्खेत विमानस्थलबाट हिमाली जिल्लाका विमानस्थलमा नियमित हवाइ उडानका लागि सङ्घ सरकारसँगको समन्वयमा सहुलियत कार्यक्रम प्रदान गर्न बजेट विनियोजन गरेको छु।

५२. सहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि, हरित वातावरणको संरक्षण तथा पर्यापर्यटनको दिगो विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन पार्क, उद्यान, खुला स्थान, पदमार्ग, दृश्यावलोकन स्थल तथा अन्य प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय पूर्वाधार निर्माण एवम् स्तरोन्नति लगायतका कार्यका लागि रू.३९ करोड ९६ लाख विनियोजन गरेको छु।

५३. पर्यापर्यटन, ग्रामीण पर्यटन र होमस्टेलाई प्रवर्द्धन गर्न नागरिकलाई पर्यटन सम्बद्ध रोजगारी, हस्पिटालिटी, ट्रेकिङ्ग गाइड, स्थानीय मौलिक वास्तुकला, रैथाने बालीबाट उत्पादित परिकारसम्बन्धी सिप विकासका लागि रकम विनियोजन गरेको छु।

५४. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्न रू.५३ करोड ८६ लाख विनियोजन गरेको छु।

## वन, वातावरण, जलाधार तथा जलवायु परिवर्तनः

वन, वातावरण, जलाधार र जलवायु परिवर्तन कर्णालीको दिगो विकास र भविष्यसँग प्रत्यक्ष रुपमा सम्बन्धित क्षेत्र हुन। प्रदेशको समृद्ध जैविक विविधता, वन सम्पदा र जलस्रोतको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग मार्फत वातावरणीय सन्तुलनमा जोड दिइनेछ। जलाधार संरक्षण, भु-क्षय नियन्त्रण, हरियाली विस्तार तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न देहायका क्षेत्रमा बजेट विनियोजन गरेको छुः

५५. वन सम्पदाको संरक्षण र विकासका माध्यमबाट वनमा आधारित उद्यमशीलता प्रवर्द्धन एवम् रोजगारी सिर्जना गर्न र आय आर्जनमा समेत सहयोग पुऱ्याउन दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम र समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी निरन्तरता दिएको छु। यस कार्यका लागि रू.७ करोड ३७ लाख १६ हजार विनियोजन गरेको छु।

५६. सुगन्धित वनस्पति तथा प्राकृतिक जडीबुटी खेती विस्तार, संरक्षण, प्रजाति विशेष जडिबुटि प्रवर्द्धन तथा उद्यम विकास सङ्कलन, प्रशोधन, मूल्य शृङ्खला अभिवृद्धि तथा बजारीकरणका लागि रू.१ करोड ९० लाख विनियोजन गरेको छु।

५७. वन डढेलो नियन्त्रणको लागि वन क्षेत्रमा रहेका स्याउला सोत्तर तथा मिचाहा प्रजातिको उपयोग गरी निजी लगानीमा प्राङ्गारिक मल उत्पादनलाई प्राथमिकता दिइनेछ। वन डढेलो, वन अतिक्रमण लगायतका वन अपराध नियन्त्रण

कार्यहरूलाई प्रविधिमा आधारित बनाउँदै वन संरक्षण  कार्यमा तीनै तहका सरकार, सुरक्षा निकाय, स्वयंसेवी संस्था, निजि क्षेत्र तथा आमनागरिकको सहकार्यमा वन डढेलो नियन्त्रण कार्ययोजना कार्यान्वयन गरिने छ। साथै प्रदेशका संवेदनशील नाकामा थप वन चेकपोष्ट विस्तार गरिनेछ। ड्रोन प्रविधि मार्फत गस्ती तथा वन सुरक्षा कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५८. प्रदेशको उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका लेक तथा पाटन संरक्षणका लागि आवश्यक रणनीति कार्यान्वयनका लागि रू.१ करोड विनियोजन गरेको छु। कर्णाली प्रदेशका संरक्षित क्षेत्र बाहिर पाइने विश्वमै दुर्लभ वन्यजन्तुहरू (हिउँ चितुवा, हाब्रे, जङ्गली बिरालो, गिद्ध, कस्तुरी मृग) को संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५९. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन क्षेत्रमा वन्यजन्तुको आहारा वृद्धि गर्ने प्रजातिका बिरुवाहरूको वृक्षारोपण साथै सिमसार क्षेत्र संरक्षण तथा घाँसे मैदानको व्यवस्थापनलाई निरन्तरता दिदै वन्यजन्तुबाट हुने मानवीय तथा कृषिजन्य क्षतिको राहतका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६०. जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति, कार्यक्रम र विकास प्रक्रियाका हरेक चरणमा आन्तरिकीकरण गरी दिगो विकासको मान्यतालाई आत्मसाथ गरिनेछ। वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक, सामाजिक नोक्सानी न्यूनीकरण गर्न र समुदायको जलवायु परिवर्तन उत्थानशीलता कार्यक्रमलाई निरन्तरता दिन रू.२० करोड ९० लाख विनियोजन गरेको छु।

६१. सुर्खेत उपत्यकाको उत्तरी जलाधार लगायतका अन्य महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण र समुदायमा आधारित दिगो व्यवस्थापन मार्फत जलविद्युत्, खानेपानी तथा सिँचाइका लागि आवश्यक पानीको स्रोतमा वृद्धि, जल पुनर्भरण, प्रकोप जोखिम रोकथाम तथा नियन्त्रणको कार्यलाई निरन्तरता दिदै रू.४ करोड विनियोजन गरेको छु।

६२. उच्च जोखिम तथा संवेदनशील क्षेत्रका जलाधार संरक्षण गर्न प्रदेशका सबै क्षेत्रलाई समेटी उप-जलाधार व्यवस्थापन योजनाको आधारमा एकीकृत जलाधार व्यवस्थापनको सञ्चालन गरिनेछ। सोका लागि रू.२७ करोड १५ लाख विनियोजन गरेको छु।

६३. विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा वातावरणीय असर पर्ने अवस्थालाई मध्यनजर गर्दै प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कनलाई सरल, पारदर्शी तथा वस्तुगत बनाइनेछ। वातावरण संरक्षण, जैविक विविधता तथा पारिस्थितिक प्रणाली संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ। सफा कर्णाली अभियानका लागि प्लाष्टिक प्रदुषण नियन्त्रण तथा जनचेतना जागरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि रू.२ अर्ब ४६ करोड ४७ लाख ७४ हजार विनियोजन गरेको छु।

## भौतिक पूर्वाधार, सहरी तथा बस्ती विकासः

प्रदेशको समग्र आर्थिक, सामाजिक रूपान्तरणका लागि गुणस्तरीय, दिगो र समावेशी भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै सुरक्षित, व्यवस्थित र वातावरणमैत्री शहरीकरण तथा सन्तुलित वस्ती विकास मार्फत सेवा पहुँच विस्तार, जीवनस्तर सुधार र क्षेत्रीय असमानता न्यूनीकरण गर्न देहाय बमोजिम बजेट विनियोजन गरेको छुः

६५. सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि प्रादेशिक सडक सञ्जाल गुरुयोजनाले निर्दिष्ट गरेका र आयोजना बैंकमा प्रविष्टि भएका प्रदेश लोकमार्ग तथा अन्य मार्गहरूको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु।

६६. निर्माण सम्पन्न सडकहरूको नियमित, पटके तथा आकस्मिक एवम् आवधिक मर्मतका लागि बजेटको व्यवस्था गरेको छु। दिगो, सुरक्षित, पहुँचयोग्य र भरपर्दो सडक यातायातको सुनिश्चितता गर्न, सम्पन्न भएका पक्की तथा खण्डास्मिथ सडकहरूको नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्नका लागि सडक

मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन सम्बन्धी मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याइने छ।

६७. सार्वजनिक निजी साझेदारी मार्फत लगानी प्रवर्द्धन गरी सञ्चालन गर्ने गरी केबलकार, रोपवे र पोडवेको पूर्वसम्भाव्यता अध्ययन गर्न बजेट विनियोजन गरेको छु।

६८. हुम्ला कर्णाली र मुगु कर्णाली नदि दोमुखबाट गमगढि नाक्चेलाग्न सडक, थारमारे वडागाँउ चौरजहारी सडक योजना, सुर्खेत उपत्यका चक्रपथ (नेवारे-धुलियाबिट र भूसालडाँडा मनिकापुर खण्ड), विश्कुना देखी बामनगाँउ भाटगाँउ चौथा सडक स्तरोन्नती, उकाला ठेग देखी झुज दवाडे हुँदै खर्याया, घियातिदु पाग्रीखाल रोकावाडा रनुखाना सातखम्ब सडक स्तरोन्नती, कालिमाटि खारा सेपुखोला काउलि घाट मैना दह हुँदै जुम्ला जोड्ने कालोपत्रे सडक, बामेखोला देखि भेरीपुल सडक, छिन्चु-घारीवन-बेतेनी-काल्चे सडक, पुल बजार मटेला बाहाकोट सडक स्तरोन्नती, शहरतारा देखि ठांगे जंगला हुदै पूर्वी रुकुम मैकोट जोड्ने सडक, पिप्लाङ्ग देखि माथिल्लो पालि सम्म सडक निर्माण, जुम्ला गच्छेसागु जलजला गोठिजिउला सडक, रिङ्ग्बो बस्ती विकास कार्यक्रम शे-फोक्सुन्डो डोल्पा समेत गरी १४ वटा आयोजनाको लागि रू.६५ करोड विनियोजन गरेको छु।

६९. मुख्य सडकबाट पालिका केन्द्रसम्म सडकको पहुँच नपुगेका स्थानीय तहहरूको केन्द्रसम्म पक्की सडक पुऱ्याउने कार्यलाई प्राथमिकता दिएको छु। महावै गाउँपालिका कालिकोटको केन्द्र जोड्ने सडक निर्माण कार्य, सुर्खेत रिङ्गरोड स्तरोन्नती कार्य, सुर्खेत, सलीसल्ला- पिप्लाङ् सडक, स्तरोन्नती कार्य हुम्ला, जुम्ला खलङ्गा- लासी सडक स्तरोन्नती कार्य जुम्ला, तारापानी- सोरुकोट सडक स्तरोन्नती कार्य मुगु, लालीघाट-कोटवडा-कुमालगाऊँ सडक स्तरोन्नती कार्य कालिकोट, गङ्गटे-अरानटुडा-ढाटखेत सडक, स्तरोन्नती कार्य, सुर्खेत, छार्का-ताङ्सोङ् गाउँपालिका डोल्पाको केन्द्र जोड्ने सडक निर्माण कार्य, गल्फागाड-श्रीनगर सडक स्तरोन्नती कार्य, डुङ्गेश्वर-डाडापराजुल सडक स्तरोन्नती समेत गरी १० वटा सडकका लागि रू.२२ करोड ६० लाख विनियोजन गरेको छु।

७०. ग्रामिण सडक सञ्जाल सुधार कार्यक्रम अन्तरगत सञ्चालित सुर्खेतको दशरथपुर– डाँडागाउँ – जितेजुवा – ढाडखेत – मटेला - धरमपोखरा सडक, जाजरकोटको मोर्क – चंखिला – बडावन - सानाखोला सडक तथा रुकुम पश्चिमको चौरजहारी – नार्जी -खोलागाउँ – चौफा – बैरागीठाँटी – मुसीकोट - सल्ले सडकको निर्माणाधिन खण्ड सम्पन्न गर्न तथा रूकुम पश्चिमको शितलपोखरी – झुलखेत - चुनवाङ सडकको शितलपोखरी -गलम्पाटी खण्डको निर्माण कार्य सुरूवात गर्नका लागि रू.५६ करोड ८ लाख विनियोजन गरेको छु।

७१. सुदूरपश्चिम, लुम्बिनी र गण्डकी लगायतका छिमेकी प्रदेश जोड्ने सडकहरूको निर्माण कार्यलाई निरन्तरता दिएको छु। पर्यटकीय महत्त्व भएका स्थानमा तथा सडक नपुगेका स्थानमा हिडाइको दूरी घटाई जनजीवन सहज बनाउने उद्देश्यले झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकता दिएको छु। यसको लागि आगामी आर्थिक बर्षमा १ सय २२ वटा झोलुङ्गे पुल निर्माण गर्नका लागि रू.३६ करोड ७५ लाख विनियोजन गरेको छु।

७२. प्रादेशिक लोकमार्ग र प्रादेशिक सडकमा पर्ने सडक तथा सडक पुल निर्माण कार्यलाई निरन्तरता दिई निर्वाध सवारी साधन सञ्चालन हुने गरी पुल निर्माणको व्यवस्था मिलाएको छु। ठूला नदी र बहुस्पानका सडक पुल निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

७३. यातायात क्षेत्रको सेवा प्रवाहमा विद्युतीय भुक्तानी, स्मार्ट लाइसेन्स छपाई र वितरण एवम् ट्रायल सेन्टरबाट हुने परीक्षा प्रणालीलाई आधुनिक तथा अझ व्यवस्थित बनाउनका लागि भौतिक तथा प्राविधिक सहायता एवम् क्षमता अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७४. **सुरक्षित सडक अभियान** मार्फत दूर्घटनाको जोखिमयुक्त क्षेत्रहरूमा सरोकारवालाहरूको समन्वयमा सडक दूर्घटना न्यूनीकरण तथा सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७५. सुरक्षित र भरपर्दो यातायात सेवाको प्रत्याभूतिका लागि सवारी चालक र परिचालक लक्षित व्यावसायिक सिप विकास, यात्रुसँगको उचित व्यवहार र सवारी साधन मर्मत सम्बन्धी तालिम तथा सचेतना कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

७६. संविधानले प्रत्याभूत गरेको नागरिकहरूको आवासको हक सुरक्षित गर्न गरिब, दलित, विपन्न तथा सीमान्तकृत समुदायहरूका लागि **जनता आवास तथा विपन्नको घर निर्माण कार्यक्रम** र जोखिममा रहेका वस्तीहरू लक्षित **एकीकृत बस्ती विकास कार्यक्रम**लाई निरन्तरता दिन रू.२० करोड २० लाख विनियोजन गरेको छु।

७७. २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनबाट क्षतिग्रस्त प्रदेश सभा भवन र सरकारी भवनहरूको मर्मत तथा पूनर्निर्माण कार्यलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु। क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणको लागि रू.४ करोड १० लाख विनियोजन गरेको छु।

७८. प्रदेश गौरवको आयोजनाका रूपमा रहेको एकीकृत प्रशासनिक भवन निर्माणको कार्यलाई उच्च प्राथमिकता दिदै आगामी वर्षका लागि रू.७५ करोड विनियोजन गरेको छु। खार्पु-सिमकोट (मानसरोवर प्रवेशद्वार) नमूना एकीकृत पूर्वाधार विकासको लागि रु.६ करोड विनियोजन गरेको छु।

७९. वि.सं. २०८० मा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट क्षतिग्रस्त भएका रुकुम पश्चिम र जाजरकोट जिल्लाका सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य संस्थाहरूको पूनर्निर्माण कार्य सम्पन्न गर्नका लागि रु.१४ करोड ५० लाख विनियोजन गरेको छु।

८०. प्रदेश भित्रका मुख्य शहर तथा शहरोन्मुख वस्तीहरूलाई क्रमशः हरित, स्मार्ट तथा व्यवस्थित शहरका रूपमा विकसित गर्ने नीति अनुरूप सुर्खेतको वीरेन्द्रनगर, दैलेखको नारायण, डोल्पाको दुनै लगायतका शहरहरूमा एकीकृत शहरी पूर्वाधार विकासको लागि रू.३६ करोड विनियोजन गरेको छु।

८१. निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सुर्खेतमा रहेको प्रदेशस्तरीय निर्माण सामाग्री परीक्षण प्रयोगशालालाई आधुनिक प्रविधिसहित स्तरोन्नती गर्दै अन्य जिल्लाहरूमा प्रयोगशाला स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

८२. विद्युतीय सवारीको रुट पहिचान गरी उपयुक्त स्थानमा चार्जिङ स्टेसनहरुको निर्माण र विस्तार गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

८३. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको लागि कुल जम्मा रू. १० अर्व ९३ करोड २१ लाख १० हजार विनियोजन गरेको छु।

## खानेपानी र सरसफाइः

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा सहज पहुँच सुनिश्चित गर्न एकीकृत खानेपानी प्रणालीको विकास, मुहान संरक्षण, जलस्रोत व्यवस्थापन तथा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको छु। जलवायु परिवर्तनका प्रभावलाई मध्यनजर गर्दै खानेपानीका स्रोतहरूको संरक्षण, पुनर्भरण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्दै स्थानीय तहसँगको सहकार्यमा खानेपानी तथा सरसफाई सेवाको प्रभावकारी सञ्चालन, मर्मतसम्भार र व्यवस्थापनलाई सुदृढ बनाउदै खानेपानी र सरसफाईका क्षेत्रमा देहाय बमोजिम बजेट विनियोजन गरेको छुः

८४. खानेपानी पूर्वाधारलाई सुरक्षित, भरपर्दो, दिगो र वातावरणमैत्री बनाई गुणस्तरीय पिउने पानी उपलब्ध गराउन विद्यमान खानेपानी प्रणालीहरूको सुधार, सुदृढीकरण तथा स्तरोन्नतिका लागि बजेट व्यवस्था गरेको छु। सङ्घ र स्थानीय तहसँगको सहकार्यमा **"एक घर, एक धारा"** अभियानलाई निरन्तरता दिएको छु। अदानचुली बृहत् खानेपानी योजना र मुलखोला–थरा-कुपिण्डे-पारीगाउँ–काउचे लिफ्ट खानेपानी योजना, चौबिस घण्टे खानेपानी योजना, जाजरकोट, बनगाड कुपिण्डे वृहत खानेपानी योजना, सल्यान कार्यान्वयनका लागि रू.९ करोड ६ लाख विनियोजन गरेको छु।

८५. खानेपानी क्षेत्रगत सुशासन कार्यक्रम अन्तर्गत वीरेन्द्रनगरको भेरी लिफ्टिङ तथा शारदा नगरपालिकाको जर्ख लिफ्टिङ खानेपानी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिन प्रदेश सरकारको तर्फबाट रू.३० करोड विनियोजन गरेको छु।

८६. जलवायु उत्थानशील भू–परिधि तथा जीविकोपार्जन परियोजना मार्फत प्रारम्भिक चरणमा सल्यान, रुकुम पश्चिम र मुगु जिल्लामा जलवायु अनुकूलित खानेपानी तथा सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै रू.२० करोड ७५ लाख विनियोजन गरेको छु।

८७. सञ्चालनमा रहेका पुराना खानेपानी आयोजनाहरूको मर्मत तथा पुनःस्थापना गरी नियमित सेवा प्रवाह सुनिश्चित गर्नका लागि रू.३ करोड विनियोजन गरेको छु।

८८. खानेपानीका मुहान, ढुङ्गेधारा, तालतलैया, नदी–नाला तथा जलाधार क्षेत्रहरूको पहिचान, संरक्षण र दिगो व्यवस्थापनलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।

८९. फोहोर व्यवस्थापन कार्यक्रम मार्फत वातावरणीय स्वच्छता कायम गर्न तथा अव्यवस्थित फोहोर विसर्जन नियन्त्रण गरी जनस्वास्थ्यमा असर पार्ने महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तह, निजी क्षेत्र तथा समुदायको साझेदारीमा फोहोरमैला व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## सिँचाइ तथा ऊर्जा विकासः

कर्णाली प्रदेशको कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना, मझौला तथा बहुउद्देश्यीय सिँचाइ आयोजनाहरूको विकास, विस्तार तथा आधुनिकीकरणलाई प्राथमिकता दिएको छु। जलस्रोतको समुचित उपयोगमार्फत वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराई कृषि क्षेत्रमा आत्मनिर्भरता र व्यावसायीकरणलाई प्रवर्द्धन गरिनेछ।

प्रदेशमा उपलब्ध जलस्रोतको दिगो उपयोग गर्दै जलविद्युत्, सौर्य, बायोग्यास तथा अन्य नवीकरणीय ऊर्जा स्रोतहरूको विकास र विस्तारमा जोड दिएको छु। ऊर्जा पूर्वाधारमा

निजी क्षेत्रको लगानी आकर्षित गर्न उत्पादन, प्रसारण तथा वितरण प्रणालीलाई सुदृढ बनाई आर्थिक विकास र रोजगारी सिर्जनामा टेवा पुऱ्याइनेछ। सिँचाई र उर्जा क्षेत्रमा देहाय बमोजिम बजेट विनियोजन गरेको छुः

९०. जलविद्युत, जलाशय, सिँचाइ र खानेपानी आयोजनालाई समेटेर एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरी कृषियोग्य जमिनमा आधुनिक तथा उपयुक्त प्रविधिको प्रयोगमार्फत सिँचाइ सुविधा विस्तार गरिनेछ। नदी तथा खोलाको सतह तल झर्दै जाँदा प्रभावित भएका ठुलो कुलो सिँचाइ योजना सल्यानको संरक्षणका लागि आवश्यक संरचना निर्माण गर्न रू.५० लाख विनियोजन गरेको छु।

९१. स्याङटाङ सिँचाइ योजना, सिमकोट हुम्ला, खारखोला सिँचाइ कुलो निर्माण योजना, गुर्भाकोट, सुर्खेत, सिस्नेरी लिफ्ट सिँचाइ योजना कपुरकोट, सल्यान, राँका तर्फी मल्टीस्टेज लिफ्ट सिँचाइ योजना, तातोपानी, जुम्ला, मालारानी सहारे सिँचाइ योजना गुर्भाकोट, सुर्खेत, नौधारा देखि बगौतिबिसौनासम्म सिँचाइ खार्पुनाथ, हुम्लाका लागि रू.६ करोड ६३ लाख विनियोजन गरेको छु।

९२. प्रदेश राजधानी संरक्षण कार्यक्रम अन्तर्गत बुलबुलेदेखि निकास खोलासम्म बहुउद्देश्यीय परियोजना अन्तर्गत बुलबुले–काँक्रिविहार खण्ड कार्यान्वयन गर्न रू.२० करोड ३३ लाख ९० हजार विनियोजन गरेको छु।

९३. खानेपानी, सिँचाइ, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धनलाई एकीकृत रूपमा विकास गर्न चौकुने गाउँपालिकामा निर्माणाधीन जुम्ल्याहामूल ताल बहुउद्देश्यीय आयोजना यसै वर्ष सम्पन्न गर्नका लागि रू.३ करोड विनियोजन गरेको छु।

९४. बाढी, कटान तथा अन्य जलजन्य प्रकोपबाट जोखिममा रहेका बस्तीहरूको संरक्षण गर्न कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रमलाई निरन्तरता दिदै रू.८ करोड ८० लाख विनियोजन गरेको छु।

९५. जलविद्युत आयोजनाहरुमा जनताको लगानीलाई प्रोत्साहन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ। प्रदेशभित्र निर्माण हुने ठूला जलविद्युत् आयोजनाहरूका लागि लगानीकर्ता आकर्षित गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन तथा सरकारी

लगानीमा सञ्चालित जलविद्युत् आयोजनाहरूमा प्रदेश सरकारको समेत शेयर लगानी गर्न लागि रू.५० करोड विनियोजन गरेको छु।

९६. स्थानीय समुदायबाट सञ्चालित अफग्रीड सौर्य, वायु, उर्जा, लघु तथा साना जलविद्युत र मिनि ग्रिड आयोजनाहरूको संरक्षण, मर्मत तथा पुनः सञ्चालनलाई प्राथमिकता दिन प्रदेश सरकार, स्थानीय तह र अन्य सरकारी निकायसँगको साझेदारीमा जलविद्युत् आयोजना विकास गर्न बजेटको व्यवस्था गरेको छु।

९७. ठुला उद्योगहरुको पूर्वाधार निर्माणमा सघाउ पुऱ्याउनका लागि रु.४ करोड विनियोजन गरेको छु।

९८. जलस्रोत तथा ऊर्जा विकास क्षेत्रका कार्यक्रम सञ्चालनका लागि कुल रू.४ अर्व ८१ करोड ९५ लाख ८६ हजार बजेट विनियोजन गरेको छु।

**शिक्षा तर्फः**

९९. प्रदेशमा रहेका सामूदायिक विद्यालय र क्याम्पसहरुमा दक्ष जनशक्तिको उपलब्धता सहित डिजिटल पूर्वाधार विस्तार गरी प्रविधिको प्रयोगलाई बढावा दिइनेछ। शिक्षाको गुणस्तर सुधार गर्न भौतिक पूर्वाधार सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१००. अङ्ग्रेजी, गणित, विज्ञान विषयको शिक्षक अभाव भएका सामुदायिक माध्यामिक विद्यालयमा डिजिटल प्रविधि सहयोग मार्फत सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी तथा गुणस्तरिय बनाउन आवश्यक जनशक्ति तथा मोडालिटी सहितको कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि रू.७ करोड विनियोजन गरेको छु।

१०१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार मार्फत युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष, सिपयुक्त जनशक्ति उत्पादन गर्न र अनुसन्धान तथा प्राविधिक शिक्षालाई प्रदेशको विकास आवश्यकतासँग जोड्न उत्पादन प्रशिक्षार्थी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०२. प्रदेशभित्र उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार, छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट व्यवस्था गरेको छु।

१०३. विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिएको छु। यसको लागि रू.७२ लाख विनियोजन गरेको छु।

१०४. विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सिप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा **"हप्ताको एक बारः किताब रहित शुक्रबार"** कार्यक्रमलाई निरन्तरता दिदै रू.३० लाख विनियोजन गरेको छु।

१०५. प्राकृतिक प्रकोप तथा विपद्जन्य घटनाबाट प्रभावित विद्यार्थी तथा विद्यालयलाई तत्काल राहत, उद्धार, पुनर्स्थापना तथा शैक्षिक निरन्तरताका कार्यक्रम सञ्चालन गर्न रू.२ करोड ५० लाख विनियोजन गरेको छु।

**स्वास्थ्य सेवा तर्फः**

१०६. प्रदेश अस्पताल, सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्न कानून तर्जुमा गरिनेछ। अस्पतालबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको व्यवस्था मिलाइनेछ। अस्पतालको छुट्टै ओपिडि ब्लक निर्माण लगायतका पूर्वाधार विकासको लागि रू.२३ करोड ६५ लाख विनियोजन गरेको छु।

१०७. स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरणका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गरिनेछ। प्रदेश अन्तर्गतका सबै अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउन दरवन्दी अनुसार जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको व्यवस्था मिलाइनेछ। प्रदेश सरकार अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुलाई प्रदेश सरकारको नामबाट नामाकरण गरी स्तरोन्नति गरिनेछ।

१०८. हरेक स्वास्थ्य संस्थाको अभिलेखलाई डिजिटलाइज गरिने व्यवस्था मिलाएको छ। स्थानीय तहबाट सञ्चालित आधारभूत अस्पताललाई विरामीको संख्या, चाप र थप सेवाको आँकलन गरी भौतिक पूर्वाधारसहित स्वास्थ्य सेवा सुदृढीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०९. प्रादेशिक अस्पताल तथा आधारभूत अस्पतालको प्रयोगशाला सेवाको सुदृढीकरण गरिने छ। प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन दरवन्दी अनुसारको जनशक्ति, भौतिक पूर्वाधार र उपकरणको व्यवस्था गरी **प्रेषण प्रयोगशालाको** रुपमा स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

११०. प्रदेशका अस्पतालहरूमा विपन्न तथा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचारका क्रममा आवश्यक रगत नेपाल रेडक्रस सोसाइटीको समन्वयमा निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१११. जिल्ला अस्पताल दैलेखमा मृगौला डाएलासिस सेवालाई विस्तार गर्ने व्यवस्था मिलाएको छु। क्यान्सर, मुटु, मृगौला, अलजाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, हेड इन्जुरी, अटिजम जस्ता दीर्घ रोगबाट पिडित बिरामीको उपचार सहायताको लागि रू.२ करोड ५० लाख विनियोजन गरेको छु।

११२. नसर्ने रोगको पहिचान गर्न ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गहरूको समुदायस्तरमा स्वास्थ्य परीक्षण गरी रोगको पहिचान गर्ने व्यवस्था मिलाइनेछ। इ-हेल्थ, टेलिमेडिसिन विशेषज्ञ सेवा, स्वास्थ्य शिविर, अङ्कोलोजी सेवा, जलन उपचार सेवा लगायतका कार्यक्रमलाई निरन्तरता दिन रू.४ करोड ३९ लाख विनियोजन गरेको छु।

११३. आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना तथा सञ्चालनलाई निरन्तरता दिईनेछ र प्रतिकार्यमा उक्त कोषको प्रयोग गर्ने व्यवस्था मिलाईनेछ। ट्रपिकल रोगको निवारण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११४. सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई दिइदै आएको सुत्केरी पोषण भत्तालाई निरन्तरता दिएको छ। ग्रामिण स्वास्थ्य क्षेत्रमा उल्लेख्य योगदान दिँदै आएका स्वास्थ्य स्वयंसेविकालाई कर्णाली प्रदेश सरकारबाट विगतदेखि दिइदै आएको प्रोत्साहन भत्तालाई शतप्रतिशत वृद्धि गरी रू.२४ हजार पुऱ्याएको छ।

११५. पूर्ण संस्थागत सुत्केरी कार्यलाई अनिवार्य गरी जटिल अवस्था भएका गर्भवती तथा सुत्केरी महिलालाई थप सेवा उपलब्ध गराउन आवश्यक भएमा जिल्ला/प्रदेश अस्पतालमा समयमै पठाउने व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११६. कर्णाली प्रदेशभित्रका अस्पताल तथा स्वास्थ्य चौकीहरुलाई सुविधासम्पन्न बनाउन डेण्टल सेवा विस्तार सम्बन्धी उपकरण खरिद, वायो मेडिकल उपकरण खरिद, अन्य अत्यावश्यक मेशिनरी उपकरण खरिद र बर्थिङ सेन्टरका लागि आवश्यक उपकरण तथा औजार खरिदका लागि रू.७ करोड ३० लाख विनियोजन गरेको छु।

११७. दुर्गम ग्रामीण क्षेत्रका स्थानीय बासिन्दालाई नजिकको स्थानबाट न्यूनतम् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा आधारभूत स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाईको प्रभावकारी सञ्चालनलाई निरन्तरता दिन रू.२ करोड २२ लाख विनियोजन गरेको छु।

११८. योग, ध्यान, जीवनशैली परिवर्तन तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धन प्याकेज तयार गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु। कर्णालीलाई आरोग्य पर्यटन हबको रूपमा विकास गर्न **कर्णाली समग्र आरोग्यता अभियान** सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

११९. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र र आयुर्वेद स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति गरी आयुर्वेद औषधीमा आत्मनिर्भर हुन आयुर्वेदिक औषधी उत्पादन केन्द्रको सुदृढीकरण गरिनेछ। उत्पादित औषधीलाई कर्णाली ब्रान्डको रुपमा बजारीकरण तथा बिक्री वितरण गर्न आवश्यक कानून निर्माण गरिनेछ। वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आबद्ध गर्न परम्परागत

ज्ञान सिपको संरक्षण प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न रू.६ करोड ४१ लाख विनियोजन गरेको छु।

१२०. संघ, प्रदेश, स्थानीय तह तथा सम्बद्ध साझेदारहरुको समन्वय र सहकार्यमा लागूऔषध, सवारी दुर्घटना, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना, नसर्ने रोगको नियन्त्रण लगायतका कार्य गर्न प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवाका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु।

१२१. मातृ, बाल, शिशु तथा नवजात शिशु मृत्युदरलाई न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम, सामाजिक व्यवहार परिवर्तन, पोषण तथा उपचार सेवालाई प्रभावकारी बनाइनेछ। बालबालिका, किशोर किशोरी तथा सुत्केरी महिलाको पोषण अवस्थालाई सुधार गर्न **सुत्केरी पोषण कोसेली कार्यक्रम** लगायत **पूरक पोषिलो खाना कार्यक्रम**लाई निरन्तरता दिन रू.६ करोड ५९ लाख ८ हजार विनियोजन गरेको छु।

## युवा तथा खेलकुदः

कर्णालीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन र खेलकुद हबको रूपमा विकास गर्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता हाम्रो लागि महत्वपूर्ण अवसर हो। यसका लागि आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान, प्रशिक्षण र प्रोत्साहनमा विशेष जोड दिने व्यवस्था मिलाएको छु। विद्यालय, समुदाय तथा स्थानीय तहस्तरमा खेलकुद गतिविधिको विस्तार गरी स्वस्थ, अनुशासित र प्रतिस्पर्धी समाज निर्माणमा योगदान पुऱ्याँउदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेल प्रतिभाको विकास तथा युवा लक्षित कार्यक्रमका लागि देहायका क्षेत्रमा वजेट विनियोजन गरेको छुः

१२२. कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि सङ्घ सरकारको समन्वयमा पूर्वाधार लगायत आवश्यक तयारी पुरा

गरिनेछ। दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि पूर्वाधार विकास गर्न रू.९ करोड विनियोजन गरेको छु।

१२३. दशौ राष्ट्रिय खेलकुद आयोजनाको लागि रु.५ करोड विनियोजन गरेको छु। दशौ राष्ट्रिय खेलकुद बन्द प्रशिक्षण, दशौं राष्ट्रिय खेलकुद पूर्व तयारीका कार्य, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, प्रदेश रंगशाला सञ्चालन तथा व्यवस्थापनका लागि कुल रू.३ करोड ८५ लाख विनियोजन गरेको छु।

१२४. सुर्खेतको वीरेन्द्रनगरमा प्रदेश रंगशाला निर्माण सम्पन्न गर्नको लागि रु.९ करोड विनियोजन गरेको छु। क्रिकेट खेलमैदान निर्माण ठौरी सुर्खेत, दुल्लु चाखाबारी खेलमैदान निर्माण, हुम्ला हक्की रङ्गशाला निर्माण तथा अधुरो कभर्डहल निर्माण, फुटवल खेल मैदान निर्माण चिसापानी सुर्खेत, बेलटापु खेलमैदान सानीभेरी रुकुम पश्चिम, खलङ्गा थाप्ले कभर्डहल निर्माण, खलङ्गा, जाजरकोट को लागि रू.१० करोड विनियोजन गरेको छु।

१२५. मध्यपश्चिम विश्वविद्यालयको आधुनिक र प्रविधियुक्त पुस्तकालय निर्माण गर्न रू. ५ करोड विनियोजन गरेको छु। प्रदेश भित्र विपद् व्यवस्थापन, स्वास्थ्य, कृषि, शिक्षा लगायत सेवा प्रवाहका क्षेत्रमा कृत्रिम बुद्धिमत्ताको उपयोग गर्न युवा अनुसन्धानकर्ता तथा विद्यार्थीलाई अनुसन्धान र इन्टर्नसीपका लागि प्रदेश सरकार र मध्यपश्चिम विश्वविद्यालय बीच सहकार्य गरिनेछ।

## समाज कल्याण तथा सामाजिक विकासः

समावेशी, न्यायपूर्ण र समतामूलक समाज निर्माणका लागि दलित, अल्पसङ्ख्यक, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तिकरणमा विशेष जोड दिइनेछ। सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्रभावकारी बनाउँदै लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मानव अधिकारको प्रवर्द्धन गर्दै सामाजिक विभेद, हिंसा, कुप्रथा र बहिष्करणका सबै स्वरूप अन्त्य गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। समुदायमा आधारित समाज कल्याण कार्यक्रममार्फत सामाजिक सद्भाव, नागरिक सहभागिता र सामुदायिक सशक्तिकरणलाई प्रोत्साहन

गरिनेछ। सामाजिक विकास तथा समाज कल्याणका देहाय क्षेत्रमा बजेट विनियोजन गरेको छुः

१२६. दलित समुदायको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै पेसाको आधुनिकीकरण तथा व्यवसायीकरण मार्फत जीविकोपार्जन, आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा एवम् सम्मान अभिवृद्धि गर्न मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालनको लागि रू.१२ करोड विनियोजन गरेको छु।

१२७. महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र राउटे लगायत लोपोन्मुख तथा सीमान्तकृत वर्ग र समुदायलाई सशक्तीकरण मार्फत विकासको मूलप्रवाहमा ल्याउन सिप तथा रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरण सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि अपाङ्गता साझेदारी कार्यक्रम सञ्चालन गर्न रू.१ करोड विनियोजन गरेको छु।

१२८. लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि अल्पकालीन सेवा केन्द्रलाई प्रदान गरिदै आएको सहयोगलाई निरन्तरता दिदै दीर्घकालीन पुनर्स्थापनामा अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था गरेको छु। लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ।

१२९. ज्येष्ठ नागरिकको सहज, सरल र सम्मानपूर्ण जीवनयापनको लागि वृद्धाआश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको सञ्चालन र भौतिक संरचना निर्माणका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३०. कर्णाली प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेशको रुपमा विकास गर्न मानव सेवा आश्रम, प्रशान्ती वृद्धाश्रम लगायतका संघ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहन गर्ने व्यवस्था निरन्तरता दिएको छु। वीरेन्द्रनगरमा सञ्चालित मानव सेवा आश्रमको पूर्वाधार निर्माणका लागि रू.१ करोड ५० लाख विनियोजन गरेको छु।

१३१. बालबालिकाको संरक्षण र विकासका लागि बालबालिका सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा र कार्यान्वयन गरी बालमैत्री शासन पद्धति स्थापित गरिनेछ। जोखिममा रहेका, विशेष संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यक भएका बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण, शिक्षा, पुनर्स्थापना र पारिवारिक पुनर्मिलन सहयोग कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३२. मानव बेचबिखन, घरेलु हिंसा जस्ता अपराधको न्यूनीकरण गर्न, आत्महत्या, लागु औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनीबाट मुक्त गर्न पुनर्स्थापना र पुनःएकीकरण लगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. हिंसा पिडित, एकल महिला, द्वन्द्वपिडित तथा सन्तानको शिक्षाको लागि अस्थायी वसोबास गरिरहेका आमाको लागि सिप विकास, आश्रय व्यवस्थापन तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

**भाषा, कला र संस्कृतिः**

१३४. भाषाको अभिलेखका लागि विभिन्न स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धानको व्यवस्था मिलाई प्रदेश संग्रहालय तथा अभिलेखालयमा राखिने व्यवस्था गरिनेछ। कर्णाली प्रदेशका ऐतिहासिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१३५. कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना गरी प्रदेशको मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन गर्नका लागि रू.१ करोड विनियोजन गरेको छु। जुम्लाको सिंजा र दैलेखको दुल्लु लगायतका भाषिक क्षेत्रको अनुसन्धान तथा अभिलेखिकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**श्रम तथा रोजगार**

१३६. अन्तर मन्त्रालय समन्वयमा युवामैत्री स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। युवा नेतृत्व विकास, युवा वैज्ञानिक प्रोत्साहन तथा रोजगार अभिवृद्धि कार्यक्रम

सञ्चालन गरिनेछ। स्थानीय तहको सहकार्यमा रोजगार केन्द्रमार्फत वैदेशिक रोजगारमा जानेहरुको अभिलेखीकरण गर्दै स्वदेशमै रोजगारी सिर्जना गरी आन्तरिक बजारमा त्यस्ता जनशक्तिको उपयोग गर्न प्रोत्साहित गरिनेछ। स्थानीय उत्पादनमा जोड दिदै श्रम बजारका लागि आवश्यक जनशक्ति उत्पादनको कार्य गरिनेछ।

सामाजिक विकास मन्त्रालयको लागि जम्मा रू.६ अर्ब १० करोड ५ लाख ९५ हजार विनियोजन गरेको छु।

## प्रादेशिक मामिला तथा सुरक्षा

१३७. सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा घाइते र अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध गराउँदै आएको जीवन निर्वाह भत्ता र सहिद वा वेपत्ता परिवारलाई प्रदान गरिदै आएको सहिद स्मृति भत्तालाई निरन्तरता दिँदै लाभग्राही खातामा सोझै भुक्तानी गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु.९ करोड ९६ लाख विनियोजन गरेको छु।

१३८. प्रदेशभित्रको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकायहरुलाई आवश्यक सहयोग, समन्वय गरी सहकार्य गरिनेछ। सङ्घ सरकारको समन्वयमा कर्णाली प्रदेशको उत्तरी सीमा हिल्सा नाकामा सशस्त्र प्रहरी बल नेपालको बहुउद्देश्यीय भवनलगायतका भौतिक पूर्वाधार निर्माण गर्न रू.३ करोड विनियोजन गरेको छु।

१३९. प्रहरी चौकी सालकोट, सुर्खेत, प्रहरी चौकी विद्यापुर, सुर्खेत, जिल्ला ट्राफिक प्रहरी कार्यालय, सल्यान, अस्थायी प्रहरी पोष्ट, नेटा, सल्यान, प्रहरी चौकी माझफाल, डोल्पा, प्रहरी चौकी जुफाल, डोल्पा र ईलाका प्रहरी कार्यालय, राकम कर्णाली, दैलेखको भवन निर्माणका लागि रू.४ करोड ६ लाख विनियोजन गरेको छु।

१४०. बढ्दो साइबर अपराध, सामाजिक सञ्जालको दुरुपयोग, लागु पदार्थ दुर्व्यसनी र विभिन्न सामाजिक अपराधबाट युवाहरुलाई टाढा राखी सृजनशिलता तर्फ अग्रसर गराउन सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु।

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनः

१४१. कर्णाली प्रदेशमा सेवारत नागरिकहरूको विपद् जोखिम सामूहिक दुर्घटना बीमाले समेट्ने जोखिम क्षेत्रको दायरा विस्तार गर्दै स्थानीय तहको लागत साझेदारीमा **घर बीमा कार्यक्रम** लाई पुनर्संरचना गरी सञ्चालन गर्न र **सामुहिक दुर्घटना बीमा कार्यक्रम** सञ्चालन गर्न रू.५ करोड ६० लाख विनियोजन गरेको छु। विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनामा प्रदेश सरकारका तर्फबाट ३० प्रतिशत लागत साझेदारी गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१४२. आगजनीजन्य विपद् रोकथाममा स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाउन दमकलको आवश्यकता भएका र सञ्चालन सामर्थ्य भएका तथा प्रभावकारी सञ्चालनका लागि प्रतिबद्धता व्यक्त गर्ने स्थानीय तहबाट कार्यान्वयन हुने गरी दमकल खरिदमा सहयोग गर्नका लागि रू.३ करोड विनियोजन गरेको छु।

१४३. जिल्ला विपद् व्यवस्थापन समितिको कार्यलाई थप प्रभावकारी बनाउन विपद् सामग्री खरिद तथा विपद् सम्बन्धी कार्यमा खटिने निकायहरुको संस्थागत प्रभावकारीताका लागि रू.३ करोड ५० लाख विनियोजन गरेको छु।

## सञ्चार तथा सूचना प्रविधि

१४४. आमसञ्चार र पत्रकारिता विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। स्थानीय र प्रादेशिक सञ्चार माध्यमको प्रवर्द्धन गर्न लोककल्याणकारी विज्ञापनको रकममा वृद्धि गरेको छु।

१४५. प्रदेशको नीति, योजना र कार्यक्रमसँग आबद्ध गर्दै कार्यक्रम सञ्चालन गर्न विकास साझेदारको सहायतालाई बजेट प्रणालीमा समावेश गर्न सहायता परिचालनको अभिलेख राख्ने व्यवस्था मिलाएको छु।

## सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह

१४६. **मुख्यमन्त्रीसँग नागरिक संवाद कार्यक्रम** सञ्चालन गरी सेवा प्रवाह र विकास व्यवस्थापनमा नागरिकका गुनासो सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ। जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन **हेल्लो मुख्यमन्त्री हटलाइन सेवा** मार्फत जन गुनासो द्रुत समाधान प्रणालीको विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४७. प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षण गर्ने व्यवस्था मिलाएको छु। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई एकीकृत तालिम केन्द्रको रुपमा विकास गरिने छ। उक्त केन्द्रबाट प्रदेश सरकार र स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश, सेवाकालीन तालिम तथा अन्य समय सान्दर्भिक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्राङ्गणमा फोहरा सहितको बगैचा निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४८. प्रदेश र स्थानीय तहको प्रभावकारी सेवा प्रवाह, प्रशासनिक क्षमता अभिवृद्धि तथा प्रादेशिक र स्थानीय तहमा वित्तीय सुशासन कायम गर्दै समावेशी विकासका लागि प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम सञ्चालन गर्न रू.९ करोड ८६ लाख विनियोजन गरेको छु।

१४९. कर्णाली प्रदेश र स्थानीय तह बीच सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्न प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनालाई प्रभावकारी बनाइने छ। कर्णाली प्रदेशमा ज्ञान, अनुसन्धान, नवप्रवर्तन तथा नीति अनुसन्धानका लागि, प्राज्ञिक तथा निजी क्षेत्रसँग सहकार्य गर्दै बहुआयामिक क्षेत्रमा सुझाव र सल्लाह प्रदान गर्न क्षेत्रगत विज्ञ समूह (Roster/Think Tank) तयार गरिनेछ।

१५०. प्रदेशका मन्त्रालय तथा अन्य प्रशासनिक निकायको कार्यविभाजन, कार्यविशिष्टीकरण, कार्यबोझ तथा कार्यचाप अनुकूल हुने गरी चुस्त र नागरिकमैत्री बनाउन प्रशासनिक पुनरावलोकन गरी सीमित र दोहोरो कार्यक्षेत्र

भएका निकायहरू एकआपसमा गाभ्ने, खारेज गर्ने वा पुनर्संरचना गर्ने व्यवस्था मिलाएको छु।

१५१. प्रदेश सरकार अन्तर्गतका सबै निकायहरूमा विद्युतीय हाजिरी प्रणाली अनिवार्य गर्ने व्यवस्था मिलाएको छु। सूचना प्रविधिमा भएको विकाससँगै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गरी डिजिटल हस्ताक्षर प्रणालीको सुरूवात गरिने छ। GIOMS लाई प्रदेशका अन्य कार्यालयहरूमा समेत विस्तार गर्दै लगिने छ।

१५२. प्रदेश कर्मचारी अभिलेखालयको सुदृढीकरण गरी प्रदेशको प्रशासनिक संरचना र राष्ट्रसेवक कर्मचारीको अभिलेख व्यवस्थापनलाई सुदृढ बनाउन आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१५३. आगामी आर्थिक वर्षमा प्रदेश कानूनहरूलाई थप कार्यान्वयनयोग्य र नतिजामुखी बनाउन आवश्यकता र औचित्यको आधारमा परिमार्जन, संशोधन गर्नुका साथै आवश्यक कानून तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। कर्मचारीको सामाजिक सुरक्षा सुनिश्चितताका लागि योगदानमा आधारित निवृत्तिभरण कोष सञ्चालन सम्बन्धी कानून तर्जुमा गरिनेछ।

१५४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि जम्मा रू.६७ करोड ५ लाख ५७ हजार विनियोजन गरेको छु।

## अन्तर सरकारी वित्त हस्तान्तरणः

अब म नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस तथा सुझाव समेतलाई आधार मानी प्रदेशभित्रका स्थानीय तहमा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि प्रदान गरिने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु:

१५५. वित्तीय सङ्घीयताको मर्म अनुरूप प्रदेश सरकारले प्रदान गर्दै आएको वित्तीय समानीकरण अनुदानको अंशलाई चालु आर्थिक बर्षको तुलनामा ५ करोडले बृद्धि गरि रू.१ अर्ब पुऱ्याएको छु।

१५६. प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आयोजना तथा कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरी स्थानीय तहहरुबीचको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गर्न स्थानीय तहलाई प्रदान गरिदै आएको समपूरक अनुदान सम्भव भएसम्म सबै स्थानीय तहलाई समेटिने गरी सोको अंश रू.१ अर्ब १८ करोड ५० लाख पुऱ्याएको छु।

१५७. समावेशी र सन्तुलित कार्यक्रम मार्फत स्थानीय तहहरू बीचको असमानता कम गर्न, प्रदेशमा रहेको विभेद र बञ्चितिकरणमा परेका वर्ग तथा समुदायको उत्थान एवम् विकास गर्न प्रदान गरिने विशेष अनुदानलाई व्यवस्थित गर्न स्थानीय तहको मागको आधारमा सम्भव भएसम्म सबै स्थानीय तहलाई समेटी आगामी आर्थिक वर्षको लागि विशेष अनुदानको रकम वृद्धि गरी रू.४७ करोड ५० लाख पुऱ्याएको छु।

१५८. स्थानीय तह मार्फत आयोजना कार्यान्वयन गरी सन्तुलित विकास र प्रादेशिक मानक स्थापित गर्न सर्त वा उपलब्धी तोकेर प्रदान गरिने ससर्त अनुदान रू.१ अर्व ७३ करोड ६१ लाख ८० हजार विनियोजन गरेको छु।

१५९. आयआर्जनका क्रियाकलाप सञ्चालन गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउन मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय तहमा रू.१ अर्ब १५ करोड ४० लाख वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

१६०. प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकासका साथै सङ्घीयताको मर्मलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्षमा स्थानीय तहमा कुल रू.५ अर्ब ५४ करोड ७२ लाख ८० हजार रकम वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

**बजेट कार्यान्वयनमा प्रभावकारिता तथा पुँजीगत खर्चमा सुधारः**

१६१. बजेट विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन खर्च गर्ने निकाय वा क्रियाकलाप एकीन नगरी विषयगत मन्त्रालयमा एकमुष्ट रकम

विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिएको छ। एकमुष्ट रुपमा विनियोजन भएको रकम बाँडफाँट गर्नुपर्ने भएमा तोकिएको समयभित्र विषयगत मन्त्रालयबाटै बाँडफाँट गर्न सकिने व्यवस्था गरेको छु।

१६२. प्रदेश सरकारको बजेटमा समावेश भएका पूर्वाधार निर्माण सम्बन्धी आयोजना स्वीकृत बजेटको सीमाभित्र रही संवत् २०८३ साल असार १ गतेपछि खरिद प्रक्रिया सुरु गर्न सकिने व्यवस्था मिलाएको छु।

१६३. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि छुट्टै निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनुपर्ने भएमा सम्वत् २०८३ साल कार्तिक मसान्तसम्म तर्जुमा गरी प्रदेश राजपत्र र विषयगत मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१६४. बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नुपर्ने उपयुक्त आधार र कारण सहित बजेट रकम तथा स्रोत परिवर्तन नहुने गरी अनुरोध भई आएमा संवत् २०८३ साल चैत मसान्तभित्र संशोधन गर्न सकिने व्यवस्था मिलाएको छु। बजेट रकमान्तर, कार्यक्रम संशोधन, क्रियाकलाप संशोधन र त्रैमासिक संशोधनलाई छिटो छरितो एवं निर्णय प्रक्रियामा शीघ्रता ल्याउन उल्लिखित कार्यमा विषयगत मन्त्रालयले नै निर्णय गर्न सक्ने व्यवस्था मिलाएको छु।

१६५. प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूको पहिचान तथा छनोट प्रक्रियालाई थप व्यवस्थित बनाउनको लागि प्रदेश सरकारले सञ्चालनमा ल्याएको प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालीबद्ध गर्दै लगिनेछ।

१६६. आयोजना बैङ्कमा रहेका आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गरी मापदण्ड बमोजिमका प्रक्रिया पूरा भएका, कार्यान्वयनयोग्य र उच्च प्रतिफलयुक्त आयोजना मात्र आयोजना बैङ्क प्रणालीमा रहने व्यवस्था मिलाइनेछ।

१६७. बढ्दो उपभोक्ता मूल्य तथा कर्मचारीको मर्यादित जीवनयापनको आवश्यकतालाई मध्यनजर गर्दै हाल प्रदान गरिँदै आएको महँगी र कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै शुरू तलब स्केलमा १० प्रतिशत वृद्धि गरेको छु। साथै कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नयाँ तलबमानको १० प्रतिशत बराबर मासिक प्रोत्साहन भत्ताको समेत व्यवस्था मिलाएको छु। उक्त व्यवस्था सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुनेछ।

१६८. दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई समेत आगामी आर्थिक वर्ष देखि लागु हुने गरी स्थायी कर्मचारी सरह महँगी भत्ता पाउने व्यवस्था मिलाएको छु।

## मितव्ययिता तथा वित्तीय अनुशासनः

१६९. प्रदेश सरकारले नेपाल सरकार वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न अख्तियारी प्रदान गरेको बजेट रकमको लेखा राखी प्रचलित प्रदेश कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्थालाई यस बर्ष पनि निरन्तरता दिइनेछ।

१७०. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ८० को व्यवस्था बमोजिम प्रदेशका सबै सरकारी निकायको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिनेछ।

## माननीय सभामुख महोदय,

अब म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

१७१. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न चालु आर्थिक वर्षको बजेट विनियोजनको तुलनामा ७.२८ प्रतिशतले वृद्धि गरी रू. ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार विनियोजन

गरेको छु। कुल विनियोजनमध्ये प्रदेशले खर्च गर्ने चालुतर्फ रू. ८ अर्ब ६० करोड ४५ लाख ५६ हजार अर्थात् २४.३१ प्रतिशत, पुँजीगततर्फ रू.२० अर्ब ७४ करोड ६७ लाख १२ हजार अर्थात् ५८.६१ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रू. ५० करोड अर्थात् १.४१ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू.५ अर्ब ५४ करोड ७२ लाख ८० हजार अर्थात् १५.६७ प्रतिशत विनियोजन गरेको छु।

१७२. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक आयबाट रू. ८५ करोड ५ लाख ९० हजार, चालु आर्थिक वर्षको खर्च नभई बचत हुने अनुमानित रकम रू. ६ अर्ब ४१ करोड ५१ लाख ९ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम रू.१० अर्ब ६६ करोड ५० लाख ४९ हजार र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रू.१० अर्ब ६३ करोड २३ लाख र ससर्त अनुदानबाट रू. ५ अर्ब ६७ करोड २५ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रू.६६ करोड ७८ लाख र विशेष अनुदानतर्फ रू.४८ करोड ५६ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट ससर्त अनुदानमा प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि रू.९६ लाख स्रोत परिचालन हुनेछ।

१७३. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। सोको विस्तृत विवरण छुट्टै प्रस्तुत गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४को **राजस्व परिचालनको नीति तथा कार्यक्रम** प्रस्तुत गर्दछु।

## राजस्व नीति तथा कार्यक्रम

१७४. प्रदेशमा निरन्तर बढिरहेको सार्वजनिक खर्चको स्रोत व्यवस्थापन गर्न नेपाल सरकारले लिएको राजस्व नीतिसँग सामञ्जस्यता कायम हुने गरी प्रदेशको राजस्व नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१७५. प्रदेशको आन्तरिक आयलाई दिगो र भरपर्दो बनाई प्रदेशलाई आत्मनिर्भर बनाउन आय परिचालनका थप क्षेत्रहरु पहिचान गरिनेछ। कृषि, वन, पर्यटन लगायतका क्षेत्रहरुको विकास र विस्तारमा थप लगानी गरी उत्पादन र उत्पादकत्व बढाउदै प्रदेशको आन्तरिक आय वृद्धि गरिनेछ।

१७६. स्थानीय तहबाट सङ्कलन भई बाँडफाँट हुने मनोरञ्जन कर, विज्ञापन कर, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर र पर्यटन शुल्क जस्ता राजस्वको दायरा विस्तारको लागि प्रदेश भित्रका स्थानीय तहहरुको आन्तरिक राजस्वको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।

१७७. प्रदेशभित्र आयोजना हुने मेला, महोत्सव, कन्सर्ट, सर्कस, खेल, जादु, चटके लगायतका क्षेत्रमा लगाइदै आएको मनोरञ्जन करको दरलाई परिमार्जन गरी दायरा थप विस्तार गरेको छु।

१७८. प्रदेशभित्र अंशवण्डा, अंश भरपाई र अंश छोडपत्रको लिखत थैली अङ्कमा लाग्ने शुल्कलाई परिमार्जन गरी अन्य प्रदेश सरह कायम गरेको छु। साथै वित्तीय धितो सेवा शुल्कमा समेत परिमार्जन गरी समसामयिक बनाएको छु।

१७९. प्रदेश औधोगिक व्यवसाय ऐन, २०७८ र प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ बमोजिम दर्ता भई नवीकरण अवधि व्यतित भएका निजी तथा साझेदारी फर्महरु नवीकरण गर्न सकिने व्यवस्था मिलाएको छु।

१८०. प्रदेश र स्थानीय तहका साझा कर अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन गरी प्रदेशमा समेत बाँडफाँट गर्नुपर्ने कर निर्धारित समयमै बाडँफाँट नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सम्बन्धित स्थानीय तहलाई आगामी आर्थिक वर्षमा

हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको किस्ताबाट कट्टा गरी कर मिलान गर्ने नीतिलाई निरन्तरता दिएको छु।

## राजस्व छुट तथा सहुलियत

१८१. भौतिक अस्तित्व नरहेका वा पुरानो भई काम नलाग्ने सवारी साधनको धनीले संवत् २०८४ जेठ मसान्तसम्म त्यस्तो सवारीको लगत कट्टा गर्न चाहेमा पछिल्लो तीन आर्थिक बर्षको सवारी साधन कर र नवीकरण दस्तुर बुझाएमा कुनैपनि जरिवाना नलाग्ने व्यवस्था मिलाएको छु।

१८२. सवारी साधनधनीले अग्रिम ५ बर्षको सवारी साधन कर एकमुष्ट भुक्तानी गरेमा २० प्रतिशत कर छुट हुने व्यवस्था यो बर्ष पनि कायम गरेको छु।

## माननीय सभामुख महोदय,

१८३. विभिन्न नीतिगत सुधार, सूचना प्रविधिमा आधारित प्रशासनिक संरचना, आर्थिक पारदर्शिता तथा राजस्वको आकारमा देखिएको सुधार, कृषि प्रणालीमा युवा आकर्षण र प्रविधिको प्रयोग लगायतका कारण समग्र आर्थिक गतिविधिहरू बढोत्तरी हुने अनुमान गरेको छु।

१८४. मैले प्रस्तुत गरेको यस बजेटको कार्यान्वयनबाट नेपाली जनताका संविधान प्रदत्त मौलिक हक कार्यान्वयनमा सघाउ पुग्ने, पूर्वाधार निर्माणले गति लिने, गरिबी घट्दै जाने, रोजगारीका अवसर सिर्जना हुने, बजेट तथा वित्तीय अनुशासन कायम भई लोकतन्त्र, विकास, सामाजिक न्याय र सुशासन सुदृढ हुँदै आम नागरिकमा प्रदेश सरकार प्रतिको विश्वास र भरोसा अभिवृद्धि हुने विश्वास लिएको छु।

## माननीय सभामुख महोदय,

१८५. यो बजेट तर्जुमाका विभिन्न चरणमा महत्त्वपूर्ण सल्लाह, सुझाव, र मार्गदर्शन दिनुहुने माननीय कर्णाली प्रदेशका प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेशसभाका

माननीय सभामुख, माननीय प्रमुख प्रतिपक्ष दलका नेता, माननीय पूर्व मुख्यमन्त्रीहरु, माननीय उपसभामुख, प्रदेशसभाका माननीय सदस्यहरूप्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु।

१८६. अन्त्यमा, कर्णाली प्रदेशवासीको जीवनस्तरमा उल्लेखनीय रूपमा सुधार ल्याउन सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीको अभिलाषा साकार पार्न यस अघि जस्तै भविष्यमा समेत साझा सहकार्य र प्रतिवद्धताको लागि आग्रह गर्दै सबै एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

**जय कर्णाली,**

**धन्यवाद।**

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८३/८४

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघीय अनुदान | |
| | | | | | संघीय | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१६,८६,२९,६२** | **१५,७३,०१,१३** | **१७,९३,०७,४८** | **१७,९३,०७,४८** | **०** | **०** |
| २ कर | ८,६८,४०,११ | ९,८२,०६,८१ | ११,०४,१२,०४ | ११,०४,१२,०४ | ० | ० |
| ३ अन्य राजस्व | २४,२३,२१ | ३५,३१,०८ | ३९,३९,३५ | ३९,३९,३५ | ० | ० |
| ४ बिबिध प्राप्ति | ७,९३,६६,३० | ५,५५,६३,२४ | ६,४९,५६,०९ | ६,४९,५६,०९ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१६,८६,२९,६२** | **१५,७३,०१,१३** | **१७,९३,०७,४८** | **१७,९३,०७,४८** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१२,३४,०६,२१** | **११,६४,७०,०६** | **१७,४६,७८,००** | **०** | **१४,६९,३५,००** | **२,७७,४३,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२९,२०,३५,८३** | **२७,३७,७१,१९** | **३५,३९,८५,४८** | **१७,९३,०७,४८** | **१४,६९,३५,००** | **२,७७,४३,००** |
| **८ खर्च (९+१०+११)** | **१९,९९,७४,९५** | **२०,८४,१३,१०** | **३४,८९,८५,४८** | **१७,४३,०७,४८** | **१४,६९,३५,००** | **२,७७,४३,००** |
| ९ चालु | ४,९६,७१,०७ | ६,२२,२३,१३ | ८,६०,४५,५६ | ५,९८,०२,९६ | १,९४,७९,३८ | ६७,६३,२२ |
| १० पूंजीगत खर्च | १०,९२,६५,१० | १०,६३,०२,०६ | २०,७४,६७,१२ | ७,०३,६९,७२ | ११,६१,१७,६२ | २,०९,७९,७८ |
| ११ वित्तीय हस्तान्तरण चालु | ४,१०,३८,७८ | ३,९८,८७,९१ | ५,५४,७२,८० | ४,४१,३४,८० | १,१३,३८,०० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-९,२०,६०,८८** | **-६,५३,५८,०९** | **-५०,००,००** | **-५०,००,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **१२,०७,००** | **५०,००,००** | **५०,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५)** | **०** | **१२,०७,००** | **५०,००,००** | **५०,००,००** | **०** | **०** |
| १५ अन्य संस्थामा शेयर लगानी | ० | १२,०७,०० | ५०,००,०० | ५०,००,०० | ० | ० |
| **१६ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-९,२०,६०,८८** | **-६,४१,५१,०९** | **०** | **०** | **०** | **०** |
| **१७ कुल आम्दानी** | **२९,२०,३५,८३** | **२७,३७,७१,१९** | **३५,३९,८५,४८** | **१७,९३,०७,४८** | **१४,६९,३५,००** | **२,७७,४३,००** |
| **१८ कुल खर्च** | **१९,९९,७४,९५** | **२०,९६,२०,१०** | **३५,३९,८५,४८** | **१७,९३,०७,४८** | **१४,६९,३५,००** | **२,७७,४३,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०८३/८४

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ८,६८,४०,११ | ९,८२,०६,८१ | ११,०४,१२,०४ | ११,०४,१२,०४ | ० |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **०** | **०** | **५** | **५** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **०** | **५** | **५** | **०** |
| कृषि आयमा कर | ० | ० | ५ | ५ | ० |
| **सम्पत्ति कर** | **१६,३६,८९** | **१९,५०,५२** | **२०,००,००** | **२०,००,००** | **०** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **१६,३६,८९** | **१९,५०,५२** | **२०,००,००** | **२०,००,००** | **०** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १६,३६,८९ | १९,५०,५२ | २०,००,०० | २०,००,०० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **८,५१,९३,७७** | **९,६२,३१,१७** | **१०,८३,७५,४९** | **१०,८३,७५,४९** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **६,१६,९३,१८** | **६,९५,७४,२१** | **७,८९,२१,३६** | **७,८९,२१,३६** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,१६,९३,१८ | ६,९५,७४,२१ | ७,८९,२१,३६ | ७,८९,२१,३६ | ० |
| **अन्तः शुल्क** | **२,२०,७६,१८** | **२,४९,८७,५३** | **२,७७,२९,१३** | **२,७७,२९,१३** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,२०,७६,१८ | २,४९,८७,५३ | २,७७,२९,१३ | २,७७,२९,१३ | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **१४,१४,४८** | **१६,५२,४३** | **१७,०६,००** | **१७,०६,००** | **०** |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ८० | २,०८ | ५,०० | ५,०० | ० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ७७ | ३५ | १,०० | १,०० | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १४,१२,९१ | १६,५०,०० | १७,००,०० | १७,००,०० | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **९,९३** | **१७,००** | **१९,००** | **१९,००** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ७,०० | ९,०० | ९,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ९,९३ | १०,०० | १०,०० | १०,०० | ० |
| **अन्य कर** | **९,४५** | **२५,१२** | **३६,५०** | **३६,५०** | **०** |
| **व्यवसायले भुक्तानी गर्ने** | **९,४५** | **१०,१२** | **२०,००** | **२०,००** | **०** |
| व्यवसायले भुक्तानी गर्ने | ९,४५ | १०,१२ | २०,०० | २०,०० | ० |
| **अन्य कर** | **०** | **१५,००** | **१६,५०** | **१६,५०** | **०** |
| अन्य कर | ० | १५,०० | १६,५० | १६,५० | ० |
| **अनुदान** | **१२,३४,०६,२१** | **११,६४,७०,०६** | **१७,४६,७८,००** | **१७,४६,७८,००** | **०** |
| **द्विपक्षीय वैदेशिक अनुदान** | **१,८७,००** | **१,८७,००** | **९६,००** | **९६,००** | **०** |
| **द्विपक्षीय वैदेशिक चालु अनुदान** | **१,८७,००** | **१,८७,००** | **९६,००** | **९६,००** | **०** |
| द्विपक्षीय वैदेशिक चालु अनुदान | १,८७,०० | १,८७,०० | ९६,०० | ९६,०० | ० |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१२,३२,१९,२१** | **११,६२,८३,०६** | **१७,४५,८२,००** | **१७,४५,८२,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **१२,३२,१९,२१** | **११,६२,८३,०६** | **१७,४५,८२,००** | **१७,४५,८२,००** | **०** |
| समानिकरण अनुदान | ९,५१,२१,१७ | ९,६५,७४,८६ | १०,६३,२३,०० | १०,६३,२३,०० | ० |
| शसर्त अनुदान चालु | १,९२,२३,२२ | १,३५,८३,२० | ५,६७,२५,०० | ५,६७,२५,०० | ० |
| विषेश अनुदान चालु | ४७,७६,६१ | ३०,८८,९५ | ४८,५६,०० | ४८,५६,०० | ० |
| समपुरक अनुदान चालु | ४०,९८,२१ | ३०,३६,०५ | ६६,७८,०० | ६६,७८,०० | ० |
| **अन्य राजस्व** | **२४,२३,२१** | **३५,३१,०८** | **३९,३९,३५** | **३९,३९,३५** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **६,५६,९८** | **८,२०,६८** | **९,४८,०५** | **९,४८,०५** | **०** |
| **लाभांश** | **३** | **१५** | **२५** | **२५** | **०** |
| अन्य निकायबाट प्राप्त लाभांश | ३ | १५ | २५ | २५ | ० |

| शीर्षक | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **भाडा र रोयल्टी** | **६,५६६,९४** | **८,२०,५३** | **९,४७,२५** | **९,४७,२५** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १५,३८ | २०,५० | २१,०० | २१,०० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | २,३५,३४ | ३,०९,०९ | ३,७५,०० | ३,७५,०० | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | १,४३ | ४,२३ | ५,२५ | ५,२५ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ८,८० | ९,२१ | १२,०० | १२,०० | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर वहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३,८७,८१ | ४,५०,०० | ५,००,०० | ५,००,०० | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ४,३३ | २,५० | ४,०० | ४,०० | ० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ३,८५ | २५,०० | ३०,०० | ३०,०० | ० |
| **अन्य शुल्क** | **१** | **०** | **५५** | **५५** | **०** |
| पर्यटन शुल्क | ० | ० | ५० | ५० | ० |
| पदयात्रा शुल्क | १ | ० | ५ | ५ | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१४,५८,९१** | **१६,७८,५३** | **१९,०४,५५** | **१९,०४,५५** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **३४,८५** | **२८,६५** | **३५,५०** | **३५,५०** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | २०,४१ | २०,८५ | २५,०० | २५,०० | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ७,८५ | २,६० | २,५० | २,५० | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | ५,८४ | ५,०० | ७,५० | ७,५० | ० |
| अन्य सेवा शुल्क तथा विक्री | ७५ | २० | ५० | ५० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **६,४५,१३** | **४,७९,५०** | **५,८५,००** | **५,८५,००** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ४,१३ | ४,५० | ५,०० | ५,०० | ० |
| परीक्षा शुल्क | २,३५,२२ | ५,०० | ५०,०० | ५०,०० | ० |
| यातायात क्षेत्रको आम्दानी | १,०७,९८ | १,२०,०० | १,५०,०० | १,५०,०० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | २,९७,८० | ३,५०,०० | ३,८०,०० | ३,८०,०० | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **५,९७,४२** | **६,७०,३८** | **७,३४,००** | **७,३४,००** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६४,६७ | ६५,०० | ७५,०० | ७५,०० | ० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ७,१५ | ४,२८ | ७,५० | ७,५० | ० |
| टेलिभिजन सञ्चालन दस्तुर | १,०० | १,१० | १,५० | १,५० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ५,२४,६० | ६,००,०० | ६,५०,०० | ६,५०,०० | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **१,८१,५१** | **५,००,००** | **५,५०,०५** | **५,५०,०५** | **०** |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | २ | ० | ५ | ५ | ० |
| वन क्षेत्रको अन्य आय | १,८१,४९ | ५,००,०० | ५,५०,०० | ५,५०,०० | ० |
| **दण्ड जरिवाना र जफत** | **३,०१,४५** | **१०,३०,८७** | **१०,८५,५०** | **१०,८५,५०** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **३,०१,४५** | **१०,३०,८७** | **१०,८५,५०** | **१०,८५,५०** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | १,९४ | २५ | ५० | ५० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | २,९९,४९ | १०,००,०० | १०,५०,०० | १०,५०,०० | ० |
| धरौटी सदरस्याहा | २ | ३०,६२ | ३५,०० | ३५,०० | ० |
| **विविध राजस्व** | **५,८७** | **१,००** | **१,२५** | **१,२५** | **०** |
| **अन्य राजस्व** | **५,८७** | **१,००** | **१,२५** | **१,२५** | **०** |
| अन्य राजस्व | ५,८७ | १,०० | १,२५ | १,२५ | ० |
| **विविध प्राप्ति** | **७,९३,६६,३०** | **५,५५,६३,२४** | **६,४९,५६,०९** | **६,४९,५६,०९** | **०** |
| **विविध प्राप्ति** | **७,९३,६६,३०** | **५,५५,६३,२४** | **६,४९,५६,०९** | **६,४९,५६,०९** | **०** |
| **विविध प्राप्ति** | **९,५६,१२** | **७,६३,२४** | **८,०५,००** | **८,०५,००** | **०** |
| बेरूजू | ६,९६,१९ | ५,००,०० | ५,५०,०० | ५,५०,०० | ० |

| शीर्षक | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| निकासा फिर्ता | १,३३,१३ | ८४,५९ | ७५,०० | ७५,०० | ० |
| अनुदान फिर्ता | १,२६,८० | १,७८,६५ | १,८०,०० | १,८०,०० | ० |
| **नगद तथा मौज्दात** | **७,८४,१०,१८** | **५,४८,००,००** | **६,४१,५१,०९** | **६,४१,५१,०९** | **०** |
| गत वर्षको नगद मौज्दात | ७,८४,१०,१८ | ५,४८,००,०० | ६,४१,५१,०९ | ६,४१,५१,०९ | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **२९,२०,३५,८३** | **२७,३७,७१,१९** | **३५,३९,८५,४८** | **३५,३९,८५,४८** | **०** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | **२९,२०,३५,८३** | **२७,३७,७१,१९** | **३५,३९,८५,४८** | **३५,३९,८५,४८** | **०** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८३/८४

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८३/८४ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **११,०५,४९,३३** | **५,५०,७६,५३** | **५,५४,७२,८०** | **३१.२३** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ३,६२,८१,०० | ३,६२,८१,०० | ० | |
| सामान्य सेवा | १,८६,३८,२५ | १,७८,०९,५३ | ८,२८,७२ | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | ९,८६,०० | ९,८६,०० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ५,४६,४४,०८ | ० | ५,४६,४४,०८ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **२,००,७९** | **२,००,७९** | **०** | **०.०६** |
| न्यायालय | २,००,७९ | २,००,७९ | ० | |
| **आर्थिक मामिला** | **१०,२८,६९,५६** | **१०,२८,६९,५६** | **०** | **२९.०६** |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ५,१९,१६,३१ | ५,१९,१६,३१ | ० | |
| इन्धन तथा उर्जा | १०,४०,०० | १०,४०,०० | ० | |
| खानी , उत्पादन तथा निर्माण | १,५०,०० | १,५०,०० | ० | |
| यातायात | ४,६६,५६,६१ | ४,६६,५६,६१ | ० | |
| अन्य उद्योगहरु | ३१,०६,६४ | ३१,०६,६४ | ० | |
| **वातावरण संरक्षण** | **१,८५,८५,३६** | **१,८५,८५,३६** | **०** | **५.२५** |
| जैविक विविधता र भू-संरक्षण | १,८३,३०,३६ | १,८३,३०,३६ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | २,५५,०० | २,५५,०० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **७,८६,४७,६७** | **७,८६,४७,६७** | **०** | **२२.२२** |
| आवास विकास | ३५,५५,०० | ३५,५५,०० | ० | |
| सामुदायिक विकास | १,५०,०० | १,५०,०० | ० | |
| खानेपानी | १,५९,८३,१८ | १,५९,८३,१८ | ० | |
| सडक विधुतीकरण | ५,६९,३९,४९ | ५,६९,३९,४९ | ० | |
| आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | २०,२०,०० | २०,२०,०० | ० | |
| **स्वास्थ्य** | **२,५०,३१,६४** | **२,५०,३१,६४** | **०** | **७.०७** |
| औषधी उत्पादन,उपकरण तथा औजार | २,४७,०० | २,४७,०० | ० | |
| वहिरंङ्ग सेवा | ५,६५,०० | ५,६५,०० | ० | |
| अस्पताल सेवा | ५९,८५,०४ | ५९,८५,०४ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | ६६,४६,४२ | ६६,४६,४२ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | ७४,१५,२० | ७४,१५,२० | ० | |
| स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | ४१,७२,९८ | ४१,७२,९८ | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **९५,७९,३६** | **९५,७९,३६** | **०** | **२.७१** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ३८,७३,३६ | ३८,७३,३६ | ० | |
| सांस्कृतिक सेवा | ३,१९,९९ | ३,१९,९९ | ० | |
| मनोरंजन संस्कृती तथा धर्ममा अनुसन्धान तथा विकास | ५३,८६,०१ | ५३,८६,०१ | ० | |
| **शिक्षा** | **८१,०६,७७** | **८१,०६,७७** | **०** | **२.२९** |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ४७,९१,३२ | ४७,९१,३२ | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | ३३,१५,४५ | ३३,१५,४५ | ० | |
| **सामाजिक सुरक्षा** | **४,१५,००** | **४,१५,००** | **०** | **०.१२** |

| शीर्षक | २०८३/८४ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| बेरोजगार | ४,०१,०० | ४,०१,०० | ० | |
| सामाजिक सुरक्षा - अन्यत्र वर्गीकृत नभएको | १४,०० | १४,०० | ० | |
| **कुल जम्मा** | **३५,३९,८५,४८** | **२९,८५,१२,६८** | **५,५४,७२,८०** | १०० |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०८३/८४

अनुसूची - ४

(रु.हजारमा)

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश व्यवस्थापिका | १४,७१,१० | १४,७१,१० | १४,७१,१० | ० | ० | ०.४२ |
| २१० | प्रदेश लोक सेवा आयोग | १०,५४,०४ | १०,५४,०४ | १०,५४,०४ | ० | ० | ०.३० |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २,००,७९ | २,००,७९ | २,००,७९ | ० | ० | ०.०६ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १,८२,४५,५७ | ६७,०५,५७ | ६७,०५,५७ | ० | १,१५,४०,०० | ५.१५ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १,४५,३३,०० | २०,०३,०० | २०,०३,०० | ० | १,२५,३०,०० | ४.११ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,४६,४७,७४ | २,४६,४७,७४ | २,४६,४७,७४ | ० | ० | ६.९६ |
| ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ५,११,९५,८६ | ४,८१,९५,८६ | ४,८१,९५,८६ | ० | ३०,००,०० | १४.४६ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,९२,८७,६८ | २,९२,८७,६८ | २,९२,८७,६८ | ० | ० | ८.२७ |
| ३३७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | १०,९३,२१,१० | १०,९३,२१,१० | १०,९३,२१,१० | ० | ० | ३०.८८ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ६,२८,३७,७५ | ६,१०,०५,९५ | ६,१०,०५,९५ | ० | १८,३१,८० | १७.७५ |
| ३९१ | कर्णाली प्रदेश योजना आयोग | ४,१९,८५ | ४,१९,८५ | ४,१९,८५ | ० | ० | ०.१२ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ५०,००,०० | ५०,००,०० | ० | ५०,००,०० | ० | १.४१ |
| ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | २,००,०० | २,००,०० | २,००,०० | ० | ० | ०.०६ |
| ६०२ | अर्थ - विविध | ९०,००,०० | ९०,००,०० | ९०,००,०० | ० | ० | २.५४ |
| ८०१ | स्थानीय तह | २,६५,७१,०० | ० | ० | ० | २,६५,७१,०० | ७.५१ |
| | **कुल जम्मा** | **३५,३९,८५,४८** | **२९,८५,१२,६८** | **२९,३५,१२,६८** | **५०,००,००** | **५,५४,७२,८०** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान
## आर्थिक वर्ष २०८३/८४

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| **चालु** | | **८,८२,०५,७६** | **२,६२,४२,६०** | **११,४४,४८,३६** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **२,६७,३३,१६** | **१२,६५,१८** | **२,७९,९८,३४** |
| २११११ | पारिश्रमिक कर्मचारी | १,८१,१९,८४ | ९,३५,७७ | १,९०,५५,६१ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ५,६९,७१ | ० | ५,६९,७१ |
| २११२१ | पोशाक | ३,१०,४५ | ५० | ३,१०,९५ |
| २११२२ | खाद्यान्न | ५,३२,०८ | १३,२० | ५,४५,२८ |
| २११२३ | औषधी उपचार खर्च | ० | १० | १० |
| २११३१ | स्थानीय भत्ता | १०,४२,६४ | १,४३,५२ | ११,८६,१६ |
| २११३२ | महंगी भत्ता | १४,११,१४ | ५२,५० | १४,६३,६४ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,८५,६९ | ५३,५९ | २,३९,२८ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३९,६४,१९ | १९,६० | ३९,८३,७९ |
| २११३९ | अन्य भत्ता | २,४७,७२ | ४३,९० | २,९१,६२ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५०,०९ | २,५० | ५२,५९ |
| २११४२ | पदाधिकारी अन्य सुविधा | २,८२,९९ | ० | २,८२,९९ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १६,६२ | ० | १६,६२ |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **३,५१,८५** | **१०** | **३,५१,९५** |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २,३५,७८ | ० | २,३५,७८ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,१६,०७ | १० | १,१६,१७ |
| **२२१००** | **सेवा महसुल** | **८,६०,४२** | **७८,३५** | **९,३८,७७** |
| २२१११ | पानी तथा बिजुली | ५,९२,६७ | ४५,५१ | ६,३८,१८ |
| २२११२ | संचार महसुल | २,६७,७५ | ३२,८४ | ३,००,५९ |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **२३,७४,२९** | **३,३८,६५** | **२७,१२,९४** |
| २२२११ | इन्धन (पदाधिकारी) | १,००,४६ | २,६५ | १,०३,११ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७,८३,४५ | १,३७,०७ | ९,२०,५२ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७,२७,३३ | १,११,६२ | ८,३८,९५ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १,७५,८७ | २६,१५ | २,०२,०२ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,४६,३४ | ४५,९४ | ३,९२,२८ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,६६,८५ | ७,७१ | १,७४,५६ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ७३,९९ | ७,५१ | ८१,५० |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **१४,३५,९७** | **३,००,६९** | **१७,३६,६६** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७,२६,११ | १,७९,२३ | ९,०५,३४ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | २,४१ | ० | २,४१ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २७,२८ | २,०० | २९,२८ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,३४,०० | ३,८० | १,३७,८० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,३२,६६ | १,११,६६ | ५,४४,३२ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,१३,५१ | ४,०० | १,१७,५१ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **४४,३६,१५** | **३५,१९,९१** | **७९,५६,०६** |
| २२४११ | सेवा र परामर्श खर्च | ३,९७,९८ | १०,०९,५० | १४,०७,४८ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८९,२४ | ४,५२ | ९३,७६ |
| २२४१३ | करार सेवा शुल्क | ३४,१६,७४ | २३,७२,३० | ५७,८९,०४ |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| २२४१९ | अन्य सेवा शुल्क | ५,३२,१९ | १,३३,५९ | ६,६५,७८ |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **१,५५,८२,२७** | **१,४९,०९,०१** | **३,०४,९१,२८** |
| २२५११ | कर्मचारी तालिम खर्च | २,०४,५७ | १,५९,४० | ३,६३,९७ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | ८,३६,७० | १४,४८,९७ | २२,८५,६७ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ७२,८० | ० | ७२,८० |
| २२५२२ | कार्यक्रम खर्च | १,४२,५३,६५ | १,३२,९९,५९ | २,७५,५३,२४ |
| २२५२९ | विविध कार्यक्रम खर्च | २,१४,५५ | १,०५ | २,१५,६० |
| **२२६००** | **अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **१२,५१,०५** | **२,०२,६६** | **१४,५३,७१** |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ६,४०,८३ | १,६९,८६ | ८,१०,६९ |
| २२६१२ | भ्रमण खर्च | ५,२७,९१ | ३२,८० | ५,६०,७१ |
